अर्थमन्त्री पुनद्वारा साझेदारहरूसँग छलफल | पृष्ठ ७ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ३४६ • २०८१ साल जेठ १ गते मंगलबार (14 May, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## जसपा नेपाल अदालतमा

# उपेन्द्र यादव र कार्की सरकारबाट बाहिरिए, प्रदीप यादव र खान बहाल

**टुडे समाचारदाता**

काठमाण्डु। निर्वाचन आयोगले गैरकानुनी रुपमा फुटेका समूहलाई दलको मान्यता दिएको विरुद्ध जनता समाजवादी पार्टी(जसपा)नेपाल सर्वोच्च अदालत पुगेको छ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले सोमवार सर्वोच्च अदालतमा दायर गरेको रिटमा निर्वाचन सम्बन्धी कानुन विपरीत जनता समाजवादी पार्टी(जसपा) लाई दलको मान्यता दिएको उल्लेखगर्दै निर्वाचन आयोग र पार्टीबाट अलग भएका ७ जना सांसदलाई समेत विपक्षी बनाइएको छ।

एमालेबाट विभाजित भएका माधवकुमार नेपाल नेतृत्वको दल र जसपा नेपालबाट विभाजित भएको महन्थ ठाकुरको नेतृत्वमा बनेको लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)लाई दलको मान्यता दिन तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले निर्वाचन सम्बन्धी अध्यादेश ल्याएर संसदीय दल अथवा कार्यसमितिको २० प्रतिशत सदस्य संख्याको आधारमा पार्टी बिभाजनको प्रावधान राखिएको थियो।

नेपाल र ठाकुरको दल दर्ता भएपछि त्यो अध्यादेश संसदमा नगइ निष्कृय भएको थियो। तर त्यो अध्यादेशको अधारमा बनेको नियमावलीलाई टेकेर निर्वाचन आयोगले बदनियतपूर्ण ढंगले जसपा दर्ता गरेको रिटमा उल्लेख गरिएको छ।

रिटमा पार्टी फुटाउन ४ सय ६ सदस्यीय केन्द्रीय समितिको ४० प्रतिशत सदस्य हुनुपर्ने भए पनि त्यो नभएकाले आयोगको निर्णय गैरकानुनी भएको जिकिर गरिएको छ।

यस्तै आयोगले निष्क्रिय रहेको कानुनको हवाला दिँदै छुट्टै नयाँ दलको रुपमा दर्ताका लागि दिएको निवेदनमा मागअनुसार दल दर्ताको निर्णय गर्नु त्रुटिपूर्ण रहेको जिकिर रिटमा गरिएको छ।

यादवले दर्ता गरेको रिटमा अलग पार्टी बनाउने सातै जना सांसदको पदमुक्त गर्न समेत माग गरिएको छ।

> हाल प्रचण्ड सरकारलाई एमालेको ७९, माओवादीको ३२, रास्वपाको २१, नेकपा एसको १०, जसपाको ७, नागरिक उन्मुक्ति पार्टीको ४ जना सांसद गरी कुल १ सय ५३ जनाको समर्थन रहेको छ । तर नेकपा एसले समर्थन झिक्दा १ सय ४३ जनाको समर्थन रहने छ । त्यो संख्या बहुमतको आवश्यक १ सय ३८ को भन्दा ५ सिट बढी छ ।

जसपा नेपालबाट अलग भएका सातै जना सांसदले एमालेको समर्थनमा बनेको नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारलाई जोगाउन पार्टी विभाजन गरेको बताउँदै आएका छन्।

मधेश प्रदेशका मुख्यन्यायाधिवक्ता वीरेन्द्र ठाकुरले निर्वाचन आयोगको निर्णय त्रुटिपूर्ण रहेकोले बदर हुने दाबी गरेका छन्।'निर्वाचन आयोगले गरेको दल दर्ता कानुन सम्मत नभइ बदनियतपूर्ण रहेको छ 'उनले भने, सर्वोच्च अदालतबाट आयोगको निर्णय बदर हुनेछ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले नेपाल सरकारको प्रतिनिधिको रुपमा आफू विदेशमा रहेको बेला गैरकानुनी रुपमा दल विभाजन गरी दर्ता गरिएको आरोप लगाएका छन्।

सर्वोच्च अदालतले जेठ २ गतेको पेशी तोकेको छ।

यसैबीच जसपा नेपालले सरकारलाई दिएको समर्थन सोमवार फिर्ता लिएको छ। पार्टीको कार्यकारिणी समिति र केन्द्रीय समितिको बैठक भएकै दिन सोमवार सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको छ।

जसपा नेपालले समर्थन फिर्ता लिएसँगै प्रधानमन्त्री प्रचण्डले प्रतिनिधि सभामा जेठ ३० गते भित्रै विश्वासको मत लिनु पर्ने भएको छ।

२ सय ७५ सदस्यीय प्रतिनिधि सभामा सबै भन्दा ठूलो दल नेपाली कांग्रेसको ८८, एमालेको ७९, माओवादी केन्द्रको ३२, राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)को २१, राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)को १४, नेकपा एसको १०, जनता समाजवादी पार्टी(जसपा)को ७, जनमत पार्टीको ६, जनता समाजवादी पार्टी(नेपाल)को ५, लोसपाको ४, नागरिक उन्मुक्ति पार्टीको ४ ,आम जनता पार्टी( आजपा)को १, राष्ट्रिय जनमोर्चाको १ र स्वतन्त्र सांसद २ जना रहेका छन्।

हाल प्रचण्ड सरकारलाई एमालेको ७९, माओवादीको ३२, रास्वपाको २१, नेकपा एसको १०, जसपाको ७, नागरिक उन्मुक्ति पार्टीको ४ जना सांसद गरी कुल १ सय ५३ जनाको समर्थन रहेको छ। तर नेकपा एसले समर्थन झिक्दा १ सय ४३ जनाको समर्थन रहने छ। त्यो संख्या बहुमतको आवश्यक १ सय ३८ को भन्दा ५ सिट बढी छ। जसपा नेपाल विभाजित नभएको अवस्थामा प्रचण्ड सरकार अल्पमतमा पर्ने निश्चित थियो । सर्वोच्च अदालतको फैसला जसपा नेपालको पक्षमा आए प्रचण्ड सरकार अल्पमतमा पर्ने छ। सरकारका लागि चाहिने आवश्यक बहुमत संख्या १ सय ३८ भन्दा ३ सांसद कम भएर १ सय ३५ मा झर्नेछ।

यस अघि जसपा नेपालबाट सरकारमा उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री रहेका उपेन्द्र यादव र वन तथा वातावरण राज्यमन्त्री रहेका दीपक कार्कीले राजीनामा दिएका थिए।

यादव र कार्कीले दिएको राजीनामा प्रधानमन्त्री प्रचण्डले स्वीकृत गरिसकेका छन्।

नेपाल बीमा प्राधिकरणको ५६ औं वार्षिकोत्सवको अवसरमा सम्पूर्ण बीमित, बीमक, कर्मचारी, अभिकर्ता लगायत अन्य सरोकारवालाहरुमा बधाई तथा शुभकामना

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

बीमा गर्दा ध्यान दिनुपर्ने विषयहरू:-
- नेपालमै आफ्नो जीवन, सम्पत्ती, बालीनाली तथा पशुपन्छी समेतको बीमा गरी ढुक्क बनौं।
- आफ्नो आवश्यकता, पेशा, व्यवसाय एंव आम्दानीको श्रोत समेतलाई मध्यनजर गरी बीमा गरौं।
- बीमा गराउँदा प्रस्ताव फाराममा खुलाउनुपर्ने सम्पूर्ण विवरणहरु स्पष्टसँग खुलाई बीमा गरौं।
- बीमा शुल्क समयमै भुक्तानी गरी सोको रसिद अनिवार्य लिने बानि बसालौं ।
- बीमालेख नविकरण गर्ने समय ख्याल गरी समयमा नै बीमालेख नविकरण गरी सुरक्षित बनौं।
- आफुले गरेको बीमाको बारेमा परिवारका सदस्यहरु तथा इच्छाइएको व्यक्तिलाई जानकारी गराई सो सम्बनधी सम्पूर्ण कागजातहरु सुरक्षि राखौं ।
- बीमा सम्बन्धी नीति नियमहरु, शर्त सुविधाहरुको विषयमा बीमालेख खरिद गर्नु अघि नै जानकारी राखौं ।
- नेपाल बीमा प्राधिकरणबाट इजाजतपत्र प्राप्त बीमा कम्पनीहरुमा मात्र बीमा गरौं ।

बीमा सम्बन्धी थप जानकारीको लागि

नेपाल बीमा प्राधिकरण
मधेश प्रदेश कार्यालय
आदर्शनगर-१०, विरगंज, पर्सा, नेपाल ।
फोन नं. ०५१-५९१०६२/९८५५०१२४४१
इमेल : infomp@nia.gov.np
वेवसाइट : www.nia.gov.np

नेपाल बीमा प्राधिकरण
केन्द्रिय कार्यालय
कुपण्डोल-१०, ललितपुर, नेपाल ।
०१-५४२१०७९/५४३८७४३/५४३८७४३
info@nia.gov.np
www.nia.gov.np

Facebook/Youtube/Linkedin : Nepal Insurance Authority

नोट : बीमाकले बीमालेख उल्लिखित अवधिभित्र बीमितलाई बीमा दाबी भुक्तानी नगरेमा, दायित्व निर्धारण नगरेमा वा बीमितलाई मर्का पर्ने गरी दायित्व निर्धारण गरेमा सम्बन्धित बीमितले प्राधिकरणसमक्ष उजुरी गर्न सक्नेछ ।








सखुवानन्कारकट्टी गाउँपालिका
सखुवानन्कारकट्टी, सिरहा, मधेश प्रदेश

# वीरगञ्जमा खानेपानीको सङ्कट गहिरिँदै



**वीरगञ्ज** । कैफुल हुँदा मियाँ ५० वर्षदेखि वीरगञ्ज महानगरपालिका-१२ मुर्ली नयाँटोलमा बसोबास गर्दा कहिल्यै पनि खानेपानीको समस्या भोग्नु परेन् । तर, दुई वर्षयता उहाँको घरसँगै रहेको चापाकलमा पानी सुकेसँगै अचम्मित पर्दै आउनुभएको छ ।

"म नौ वर्षको उमेरदेखि वीरगञ्जमा बसोबास गर्दै आइरहेको छु । ५० वर्षे अवधिमा यहाँ कहिल्यै पनि खानेपानीको अभाव महसुस गर्नु परेन", उहाँले विगत स्मरण गर्दै भन्नुभयो, "गत वर्ष हिउँदेयाममा चापाकल सुकेपछि जेनतेन गुजारा चलाएँ तर यो वर्ष पनि चापाकल सुकेपछि खानेपानी कार्यालयबाट नयाँ धारा जडान नगरी धरै पाइएन ।"

वीरगञ्ज महानगरबासीले दुई वर्षयता चैतदेखि असारसम्मको अवधिमा आफ्नो घर प्राङ्गणमा खनेको चापाकल सुकेसँगै खानेपानीको हाहाकार महसुस गर्दै आइरहेका छन् । घर-घरमा चापाकलको पानी सुकेसँगै पछिल्लो समय नेपाल खानेपानी संस्थान शाखा कार्यालय वीरगञ्जमा खानेपानीको नयाँ लाइन जडान गर्नेको भीडभाड नै लाग्न थालेको छ । कार्यालयमा दैनिक ५० देखि एक सयको हाराहारीमा चापाकल सुकेर नयाँ धारा जडान गर्न भन्दै आउने गरेका छन् । वीरगञ्ज महानगरमा चापाकल सुकेर खानेपानीको समस्या भोग्ने मियाँ एक्ला होइनन् । महानगरमा उहाँ जस्तै खानेपानीको समस्या भोग्ने चोक-चोकमा भेटिन्छन् ।

वीरगञ्ज महानगरपालिका वडा नम्बर १० बजरंगटोलका गम्भिरा गिरी पनि आफ्नो चापाकल सुकेसँगै नयाँ धारा जडानको निवेदनसहित खानेपानी सस्थानको कार्यालयमा निवेदन लिएर आउनुभयो । "हामीले पहिला खानेपानीको यस्ता समस्या भोगेकै थिएनौ । एक्कासी दुई वर्षदेखि चैतदेखि असारसम्मको अवधिमा चापाकल सुक्ने समस्या देखिदैँ आइरहेको छ", उहाँले भन्नुभयो, "खोई, जमिनमुनिको पानीको सतह घटेरै होला त चापाकलको पानी सुकेको होला नि ।"

उहाँको अनुभवमा पछिल्ला वर्षमा तराई-मधेसमा चर्को गर्मी बढेसँगै खानेपानीको समस्या देखिन थालेको हो । "यहाँका बुढापाकाको कुरा सुन्दा कहिल्यै पनि पानीको अभाव भएको सुनेका थिएनौँ । चापाकलको पानी सुकेसँगै पिउनका लागि, सरसफाइ र शौचालय जाने पानीको समेत अभाव हुँदै आइरहेको छ", उहाँले थप्नुभयो, "पानी नहुने हो भने त सबैकुरा लथालिङ्ग हुने रहेछ ।"

वीरगञ्ज महानगरवासी राकेश सिंहले पनि चापाकल सुकेसँगै शिव मन्दिरसँगै रहेको सार्वजनिक धाराको पानी उपयोग गरेर गुजारा चलाउँदै आइरहेको बताउनुभयो । "अहिले त मेरो आधा काम नै पानी बोक्ने जस्तो भइसक्यो", उहाँले भन्नुभयो, "अब खानेपानीको धारा जोडेर नै अघि बढ्नुपर्ला जस्तो छ ।" वीरगञ्ज महानगरमा विशेषगरेर वडा नम्बर १ बजार छपकैयाँ, वडा नम्बर २ छपकैया, वडा नम्बर १२ मुर्ली, वडा नम्बर १० आर्दशनगर, वडा नम्बर १५ लक्ष्मणवा, वडा नम्बर १६ नगवा, इनर्वालगायतका सबैजसो वडामा खानेपानीको चर्को समस्या छ ।

वीरगञ्ज महानगरपालिका वातावरण तथा विपद् व्यवस्थापन महाशाखा प्रमुख राकेश साहले वीरगञ्ज महानगरको ग्रमिणभन्दा पनि सहरी क्षेत्रमा हिउँदेयामको केही महिना खानेपानीको अभाव हुने गरेको बताउनुहुन्छ । "सुक्यायाममा चुरे क्षेत्रमा जमिनमुनि पानीको रिचार्ज कम हुने गर्छ । त्यसले गर्दा हरेक वर्ष हिउँदयाममा भूमिगत पानीको सतह घट्दै गइरहेको छ", उहाँले भन्नुभयो, "पहिला-पहिला त चापाकल खासै सुक्दैन्थे तर, अहिले भने चापाकलमा पानी सुक्ने गरेको छ ।"

महाशाखा प्रमुख साहले आफ्नो प्रारम्भिक अध्ययनले वीरगञ्जको भूमिगत पानीको सतह घट्दै गइरहेको बताउनुहुन्छ । "मैलै भूमिगत पानीको सतहको गत वर्ष र चालु आवको तुलनात्मक रुपमा केही अध्ययन गरेको थिए । सो अध्ययनले गत वर्षको तुलनामा चालु आवमा भूमिगत पानीको स्रोत क्रमशः घट्दै गइरहेको देखिन्छ", उहाँले भन्नुभयो, "प्रारम्भिक खालको अध्ययनले गत वर्षको तुलनामा चालु आवमा दुई-तीन फिट पानीको सतह घटेको देखियो ।" उहाँले महानगरले खानेपानीको समस्या सम्बोधन गर्नका लागि विभिन्न सार्वजनिक स्थानमा बोरिङ खनेर पानी वितरण गर्दै आइरहेको बताउनुभयो ।

> घर-घरमा चापाकलको पानी सुकेसँगै पछिल्लो समय नेपाल खानेपानी संस्थान शाखा कार्यालय वीरगञ्जमा खानेपानीको नयाँ लाइन जडान गर्नेको भीडभाड नै लाग्न थालेको छ ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय वीरगञ्जका वितरण शाखा प्रमुख सञ्जीवकुमार यादवले वीरगञ्ज महानगरबासीको चापाकल सुकेसँगै खानेपानी कार्यालयमा नयाँ धारा जडानका लागि आउनेको संख्या बढिरहेको बताउनुहुन्छ । "चुरे क्षेत्रको विनाशकै कारणले पनि वीरगञ्ज आसपास क्षेत्रको भूमिगत पानीको सतह घट्दै गइरहेकाले पनि खानेपानीको विकराल समस्या देखिएको हो", उहाँले भन्नुभयो, "गत आवको अन्त्यसम्म वीरगञ्ज महानगर क्षेत्रमा आठ हजार चार सय मात्रै खानेपानीका ग्राहक थिए । हिउँदेयाममा चापाकल सुकेसँगै यो वर्ष मात्रै २४ सयभन्दा धेरै ग्राहक थपिएका छन् ।" कार्यालयका अनुसार अहिले कुल ग्राहक संख्या १० हजार आठ सय रहेका छन् ।

कार्यालयका अनुसार वीरगञ्ज क्षेत्रको खानेपानीको मुख्य स्रोत नै भूमिगत पानी नै हो । अन्य पहाडी जिल्लामा जस्तो यहाँ कुनै नदीबाट पानी ल्याएर वितरण गर्ने गरिदैँन । खानेपानी संस्थानसँग दैनिक एक करोड ६८ लाख लिटर खानेपानी उत्पादन गर्ने क्षमता रहेको छ । सो क्षमतामध्ये अहिले वीरगञ्ज महानगर क्षेत्रमा एक करोड १५ लाख ५० हजार लिटर पानीको दैनिक माग रहेको छ तर कुल उत्पादन क्षमता भने ४० प्रतिशत खानेपानी चोरी तथा चुहावट हुने गरेको छ । कार्यालयका अनुसार अहिले ११ वटा भूमिगतबाट पानी तान्ने ठूला प्रकृतिका बोरिङ रहेका छन् । यद्यपि कार्यालयसँग करिब डेढ दर्जनको हाराहारीमा सानाठूला बोरिङ रहेका छन् । कार्यालयसँग कम्तिमा पनि वीरगञ्जका २० हजार घरधुरीलाई खानेपानी खुवाउन सक्ने क्षमता छ । तर,अहिले पूर्वाधार र बजेट अभावको कारणले सकिरहेको छैन ।

खानेपानी संस्थानले वीरगञ्जमा खानेपानीको लागि दुई सय ५० देखि तीन सय मिटर गहिराईबाट पानी निकाल्ने गर्छ । सत्यम बोरिङ उद्योग वीरगञ्जका सञ्चालक राजु चौरासियाले विगतको तुलनामा भूमिगत पानीको स्रोत सुक्दै गएकाले पनि अझै गहिराएर बोरिङ खन्नुपर्ने अवस्था सिर्जना भएको बताउनुहुन्छ । "यो वर्ष मात्रै हामीले करिब रु ८५ लाखको ठेक्कामा रामगढवा र नगवा क्षेत्रमा खानेपानीको बोरिङ खनेका थियौँ", उहाँले भन्नुभयो, "ठूला डिपबोरिङ खन्दा पानीको अभाव नभए पनि ससाना चापाकलको लागि भने पानीको स्रोत सुक्दै गइरहेका छन् ।"

ठूला खालका डिपबोरिङ खन्न त्यति धेरै महँगो नपर्ने उहाँको भनाइ रहेको छ । खानेपानी संस्थानले चालु आवमा महानगरभित्र ५० किलोमिटर खानेपानीको पाइपलाइन विस्तार गर्ने लक्ष्य राखेको छ । हालसम्म भने १८ किलोमिटर मात्रै पाइपलाइन विस्तार भएको छ । वितरण प्रमुख साहले सरकारले पर्याप्त मात्रामा बजेट उपलब्ध गराउन सकेको खण्डमा वीरगञ्जमा देखिएको खानेपानीको समस्या समाधान गर्न गाह्रो नहुने बताउनुहुन्छ ।

**भूमिगत पानी झिक्दाको पनि तथ्याङ्क जरुरी**

भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय पर्साका निमित्त डिभिजन प्रमुख विकास ठाकुरले सहरी घनाबस्तीमा भूमिगत पानीको उच्च दोहनकै कारणले पानीको सतह घट्दै गइरहेको बताउनुहुन्छ । "अहिले जथाभावीरुपमा घरघरमा भूमिगतपानी आफूखुसी ढङ्गले निकाल्ने प्रवृत्ति बढिरहेको छ । पछिल्ला समय वीरगञ्ज आसपासको क्षेत्रका चापाकल सुक्ने गरेका छन्", उहाँले भन्नुभयो, "भूमिगत पानीको सतह घटेसँगै अबदेखि चार इन्चभन्दा ठूलो प्वाल पारेर पम्प राखेर मात्रै पानी तान्नुपर्ने अवस्था सिर्जना हुँदैछ ।"

निमित्त डिभिजन प्रमुख ठाकुरले तराई-मधेस क्षेत्रमा रहेका चुरे संरक्षण गरेर भूमिगत खानेपानीको स्रोत जोगाउनुपर्ने बताउनुहुन्छ । "अब हामीले भूमिगत पानी कति निकालिरहेका छौँ भनेर वैज्ञानिकरुपमा तथ्याङ्क सङ्कलन गर्ने बेला भइसकेको छ", उहाँले भन्नुभयो, "हामीले ५/१० वर्षको तथ्याङ्क सङ्कलन गरेपछि मात्रै तुलनात्मकरुपमा अध्ययन गर्न सक्ने थियौँ । त्यसैले अब डिपट्युबवेललगायतमा डाटा सङ्कलन गर्ने प्रविधि जडान गर्न आवश्यक देखिएको छ ।"

**वडाकै अग्रसरतामा बोरिङ**

वीरगञ्ज महानगरले आफ्नै सक्रियतामा पनि विभिन्न सार्वजनिक स्थानमा खानेपानीका लागि बोरिङ खन्दै पनि आइरहेको छ । त्यसको अलवा वडा कार्यालयकै सक्रियतामा पनि सानो प्रकृतिका बोरिङ खनेर खानेपानी वितरण पनि गर्दै आइरहेका छन् । वीरगञ्ज महानगरपालिका-९ का वडाध्यक्ष जवाहरप्रसाद गुप्ता जनप्रतिनिधिका रुपमा आएसँगै साढे १६ लाख खर्चेर पानमण्डी स्काउट सडकखण्ड र रानीघाट क्षेत्रमा चार इन्च पाइप क्षमताको दुई वटा बोरिङ खनेर वडाबासीलाई खानेपानी वितरण गर्दै आइरहेको बताउनुहुन्छ ।

"जनप्रतिनिधिका रुपमा आएसँगै वडाकै बजेटबाट दुई ठाउँमा बोरिङ खनेर पानी वितरण गर्दै आइरहेका छौँ" । यसले वडामा पानीको अभावलाई केही हदसम्म भएपनि नियन्त्रण गर्दै आइरहेका छौँ", उहाँले भन्नुभयो, "अन्य वडाको तुलनामा नौ नम्बर वडा सानो भए पनि रानीघाट क्षेत्रमा भने अझै पनि खानेपानीको अभाव कायमै छ । अर्को बोरिङ खन्ने योजना बनाइरहेको छु ।" वडा कार्यालयले पानमण्डी स्काउट सडकखण्डमा खनेको बोरिङबाट एक सय ५ घरधुरी लाभान्वित भएका छन् । रानीघाट क्षेत्रमा राखेको बोरिङबाट ८५ घरधुरी लाभान्वित भइरहेका छन् ।

**खानेपानी जडान शुल्क**

खानेपानी संस्थानले वडा कार्यालयको सिफारिसपत्रसहित आएका ग्राहकलाई खानेपानी जडान गर्दै आइरहेको छ । नयाँ खानेपानीको लाइन जडान गर्नका लागि घरधनीको नागरिकताको प्रतिलिपि, लालपुर्जाको प्रतिलिपि, नापी कार्यालयबाट ल्याएको ब्लुप्रिन्ट र वडा कार्यालयको सिफारिसलगायतका कागजात लिएर आउनुपर्ने हुन्छ ।

कार्यालयले नयाँ धारा जडान शुल्कबापत रु छ हजार तीन सय ७० रकम लिने गर्दछ । महानगरका वडा कार्यालयले खानेपानीको जडानको सिफारिस गरेवापत पनि शुल्क पनि छुट्टै तोकेका छन् । संस्थानका अनुसार मासिक १० हजार लिटर मात्रै पानी खपत गर्ने ग्राहकले खानेपानी महसुलबापत एक सय १० रुपैयाँ मात्रै तिरेपुग्छ । सोभन्दा बढी पानी प्रयोग गरेको खण्डमा भने प्रतिहजार लिटर रु २५ रुपैयाँको दरले अतिरिक्त तिर्नुपर्ने व्यवस्था छ ।

वितरण प्रमुख यादवले खानेपानीको पाइप विस्तार भएको ठाउँमा नयाँ ग्राहकको घरमा एक साताभित्रै खानेपानी जडान हुने बताउनुभयो । "हामीसँग नयाँ खानेपानी धारा जडान गर्नका लागि निकै सीमित जनशक्ति रहेको छ । हामीले दैनिक ३० घरधुरीमा भन्दा धेरै नयाँ जडान गर्न सकिरहेका छैनौँ", उहाँले भन्नुभयो ।रासस

## सामाजिक-लोकतान्त्रिक अवधारणाको आर्थिक नीति आवश्यक छ : वरिष्ठ उपाध्यक्ष खाँन

**काठमाण्डु** । जनमत पार्टीका वरिष्ठ उपाध्यक्ष अब्दुल खाँनले मुलुकमा सामाजिक-लोकतान्त्रिक अवधारणाको आर्थिक नीति आवश्यक रहेको बताउनुभएको छ ।

पार्टीले यस वर्ष गणतन्त्र दिवसका अवसरमा आगामी जेठ १५ गते काठमाडौँमा बृहत्सभा गर्न लागेको उहाँले जानकारी दिनुभयो । प्रतिनिधिसभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापतिसमेत रहनुभएका खाँनले पार्टी सुदृढीकरण गर्दै देशलाई नयाँ निकास दिने उद्देश्यले आयोजना हुने उक्त कार्यक्रममार्फत नौलो गणतन्त्र र सामाजिक लोकतन्त्रको आगामी मार्गको शङ्ख घोष गरिने बताउनुभयो । उहाँले भन्नुभयो, "नौलो गणतन्त्र भनेको संविधान र व्यवस्थाभित्र अभ्यासका क्रममा देखिएका कमीकमजोरीलाई समयमै सुधार गर्दै लैजानु हो ।"

वरिष्ठ उपाध्यक्ष खाँनले संविधानमा आर्थिक नीतिमा समाजवाद लेखिएको उल्लेख गर्दै त्यो प्रावधानले सबै कलकारखानादेखि उद्योगधन्दा राज्यले नै सञ्चालन गर्ने, नियन्त्रण र स्वामित्व ग्रहण गर्ने भन्ने बुझाउने उल्लेख गर्नुभयो ।

"समाजवाद धेरै व्यापक विषय हो । नेपालमा हालसम्म पुँजीवादको अवस्था आएको र पुँजीवादी क्रान्ति भएकै छैन । त्यो नभई समाजवाद कसरी सम्भव छ", उहाँले भन्नुभयो । हाल अभ्यासमा रहेको समाजावादसम्बन्धी आर्थिक नीति परिवर्तन गरी सामाजिक-लोकतान्त्रिक अवधारणा ल्याउन आवश्यक रहेको वरिष्ठ उपाध्यक्ष खाँनले बताउनुभयो ।

अमेरिका र युरोपका केही मुलुकले आत्मसात् गरेको समाजवाद र पुँजीवाद मिश्रित अर्थव्यवस्था नेपालका लागि उपयुक्त हुनसक्ने उल्लेख गर्दै उहाँले देशको आर्थिक विकास र समृद्धि हासिल गर्न त्यो बाटोबाट जान सकिने तर्क गर्नुभयो । रासससँगको कुराकानीमा वरिष्ठ उपाध्यक्ष खाँनले सामाजिक लोकतान्त्रिक अर्थ नीति आत्मसात् गरिएको खण्डमा वैदेशिक लगानी बढ्ने दाबी गर्नुभयो ।

मुलुकमा प्रमुख चुनौतीका रुपमा रहेको राजनीतिक अस्थिरताको अन्त्य गर्न प्रधानमन्त्रीसहित देशका सबै महत्वपूर्ण पदमा रहने व्यक्तिको चयन प्रत्यक्ष निर्वाचनबाट हुनुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो ।

आर्थिक समृद्धि हासिल नहुँदा संसद् सञ्चालनदेखि शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा अवरोध झेल्न परिरहेको जिकिर गर्दै वरिष्ठ उपाध्यक्ष खाँनले आफ्नो पार्टीले सार्वजनिक गर्ने नीति र सिद्धान्तलाई स्थानीय तहसम्म बहस र छलफलका लागि लैजाने जानकारी दिनुभयो ।रासस



## गणतन्त्र स्थापनापछि भएको विकास राजतन्त्रकालको भन्दा कैयौँ गुणा बढी छः प्रधानमन्त्री

चितवन । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि राजतन्त्रकालमा भन्दा कैयौँ गुणाबढी विकास भएको बताउनुभएको छ । नारायणी नदीमाथि निर्माण हुने 'सिग्नेचर ब्रिज'को आज शिलान्यास गरेपछि प्रधानमन्त्री दाहालले तुलनात्मक अध्ययन नै नगरी देशमा केही हुँदैन भन्ने नकारात्मक भाष्य सिर्जना गर्नु गलत भएको बताउनुभयो ।

"राजतन्त्रकालको २५० वर्ष र गणतन्त्रकालको दुई दशकको तुलनात्मक अध्ययन गर्ने जो-कोहीले भन्न सक्छ-२५० वर्षमाभन्दा कैयौँ गुणा बढी विकास पछिल्लो दुई दशकमा भएको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "सडक पूर्वाधार, शिक्षा, स्वास्थ्य, सञ्चार, खानेपानी, विद्युत्जस्ता भौतिक पूर्वाधारको विकास एवं सामाजिक सुरक्षा, सेवा प्रवाह, सेवाको सरलीकरण र प्रभावकारितालगायतका मानवीय विकासका क्षेत्रमा नेपालले राम्रो प्रगति गरिरहेको छ ।"

पछिल्लो राजनीतिक परिवर्तनपछि नेपालमा सडक सञ्जालको बिस्तार चमत्कारिक हिसाबले अगाडि बढेको उल्लेख गर्दै प्रधानमन्त्रीले ९० प्रतिशतभन्दा बढी सडक प्रयोगकर्ता आफ्नो बासस्थानबाट एक घण्टाको पैदल यात्रामा पुग्नसक्ने अवस्था सिर्जना भएको बताउनुभयो ।

"विकासक्रमलाई गणतन्त्रअघि र गणतन्त्रपछिको अवस्थासँग तुलना नगर्ने तर अति विकसित र विकसित मुलुकसँग तुलना गरेर 'नेपालमा केही भएन' भन्ने नकारात्मक भाष्य निर्माण गर्न खोजिएको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "नेपालको पछिल्लो विकासलाई ठीक ढङ्गले अध्ययन र विश्लेषणका आधारमा 'देशभित्र सम्भव छ', 'गरे सकिन्छ' भन्ने सकारात्मक चिन्तन र ऊर्जाको विकास गर्न जरूरी छ ।"

सडक विभागले नेपाल सरकारको अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजनाका आधारमा सडक पूर्वाधारमा सकारात्मक पहल लिँदै आएको उल्लेख गर्दै प्रधानमन्त्रीले चालु आर्थिक वर्षमा मात्र एक सय ४९ भन्दाबढी पुल निर्माण गरिसकेको बताउनुभयो । ।रासस

**माइग्रेशन हरायो**

मेरो निम्न ब्यहोरा भएको माइग्रेशन मिति २०८१/०१/१३ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।
नाम : धर्मेन्द्र कुमार साह
सिम्बोल नं.: २३६६०५
रजिष्ट्रेशन नं.: ६४१७१६०४३
ठेगाना:जि.महोत्तरी, गा.वि.स. रतौली-५
मो.नं. ९८०१६७४७२०

**माइग्रेशन हरायो**

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू) को माइग्रेशन मिति २०८१/०१/१० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।
नाम : अमित कुमार यादव
सिम्बोल नं.: २१७००८४५
रजिष्ट्रेशन नं.:७८२१७०११०१०५
ठेगाना:जि.ध. क्षीरेश्वरनाथ न.पा.-१०
मो.नं. ९८२५८७५३५७

**माइग्रेशन हरायो**

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू) को माइग्रेशन मिति २०८१/०१/०५ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।
नाम : जय प्रकाश साह
सिम्बोल नं.: २१७०११७३
रजिष्ट्रेशन नं.:७८२१७०११०४४६
ठेगाना:जि.ध. धनौजी गा.पा.-१, लखौरी
मो.नं.९८०९६३४१४८

### तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय । |
| वृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथुन | : सुख समृद्धि हुने । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| वृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रो पाइन्छ ।

### महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८१३५३४, ९८१५८१३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# अभियानको सम्मेलन सम्पन्न

सम्मेलन गृजेश चौधरीको अध्यक्षतामा भएको थियो भने प्रमुख अतिथिको रुपमा राष्ट्रिय अध्यक्ष विनय यादवको उपस्थिति रहेको थियो ।

**टुडे समाचारदाता**

कपिलवस्तु । कपिलवस्तु जिल्लाको तौलिहवामा राष्ट्रिय एकता अभियानको महत्वपूर्ण जिल्ला सम्मेलन सम्पन्न भएको छ । अभियान सो सम्मेलनले संघीय हिन्दू गणतन्त्रको स्थापना, चिनियाँ विस्तारवाद र इस्लामिक अतिवाद विरुद्ध चेतना जगाउने उद्देश्यले आयोजना गरेको बताइएको छ ।




सम्मेलन गृजेश चौधरीको अध्यक्षतामा भएको थियो भने प्रमुख अतिथिको रुपमा राष्ट्रिय अध्यक्ष विनय यादवको उपस्थिति रहेको थियो । विशिष्ट अतिथिमा प्रदेश सांसद मधुसुदन शरण चौधरी (कुर्मी )का साथै अन्य अतिथिहरूमा युवा नेता कैलाश अग्रहरी ,हिन्दू स्वयम सेवक संघका जिल्ला सह संघ चालक दिनेश चौधरी , विश्व हिन्दू परिषद्का जिल्ला अध्यक्ष अशोक पाण्डेय , अंतर्राष्ट्रिय हिन्दू परिषद् का जिला अध्यक्ष बीरेंद्र चौधरी लगायतको उपस्थिति थियो ।

नेपालमा हिन्दू गणतन्त्र स्थापना गर्न अभियानले सशक्त आन्दोलन गरिरहेको छ । सम्मेलनमा हिन्दू धर्मको महत्व र नेपालको राष्ट्रिय पहिचानमा यसको भूमिकाबारे प्रकाश पारिएको थियो ।

त्यस्तै, अभियानले चीनको बढ्दो क्षेत्रीय अतिक्रमण र इस्लामिक कट्टरपन्थी विरुद्ध निरन्तर आवाज उठाइरहेको छ । सम्मेलनमा यस्ता खतराका बारेमा जनचेतना जगाउने र त्यसको सामना गर्ने रणनीति बनाउने विषयमा छलफल भएको थियो ।

जिल्लामा अभियानको आदर्शको प्रचारप्रसार र सङ्गठनलाई बलियो बनाउनु हुनेछ ।

सम्मेलनको समापनमा अभियानका राष्ट्रिय अध्यक्ष विनय यादवले भने, “अभियान नेपालको अखण्डता, संस्कृति र स्वाधीनताको रक्षा गर्न प्रतिबद्ध संस्था हो, हामी समृद्ध र शक्तिशाली हिन्दू राष्ट्र निर्माण गर्न अथक प्रयास गरिरहेका छौं, र हामी गर्नेछौं । कुनै पनि विदेशी शक्तिलाई हाम्रो देश कमजोर हुन नदिने ।”

# मन्त्री साहद्वारा बागवानी केन्द्रको निरीक्षण

**टुडे समाचारदाता**

मलंगवा । कृषि तथा पशुपन्छी विकास मन्त्री ज्वालाकुमारी साहले सोमबार बिहान देशकै सबैभन्दा ठूलो सर्लाहीको नवलपुरस्थित उष्ण प्रदेशीय बागवानी केन्द्रको निरीक्षण गरेकी छन् ।



नेकपा एमाले सर्लाहीको अधिवेशनमा सहभागी हुन आएकी सो पार्टीकी नेतृ समेत रहेकी मन्त्री महतोले त्यसै अवसरमा बागवानी केन्द्रको निरीक्षण गरेकी छन् ।

बागवानीको अवस्थाबारे निमित्त कार्यालय प्रमुख रामकुमार यादवले मन्त्री साहलाई अवगत गराएका छन् ।

केन्द्रले यो वर्ष लिची ठेक्का लगाइसकेको छ भने आँपको ठेक्का लागि सूचना प्रकाशित गरेको छ ।

# एभरेस्ट र ज्योती विकास बैंकमा तालाबन्दी




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा बैंक तथा वित्तिय संस्थाविरुद्धको आन्दोलनलाई राष्ट्र राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाउ अभियानले अघि बढाएको छ ।

जनकपुरधाममा सोमबार अभियानले एभरेष्ट बैंकमा तालाबन्दी गरेको छ । भने ज्योती विकास बैंकमा तालाबन्दी गर्न खोज्दा प्रहरीले रोकेको छ ।

ज्योती विकास बैंकमा तालाबन्दी गर्नेक्रममा आन्दोलनकारी तथा प्रहरी बीच केही बेर घम्साघम्सी पनि भएको छ ।

बर्दियामा बैंकबाट लिएको ऋणको चर्को ब्याज खेप्न नसकेर एक जनाले आत्महत्या गरेपछि अभियानले देशव्यापी रुपमा बैंक तथा वित्तीय संस्थाविरुद्ध आन्दोलन गर्दै आइरहेको छ ।

बर्दियाका खुशीराम चौधरीले एभरेष्ट बैंक तथा ज्योती विकास बैंकबाट ब्याज लिएका थिए । सोही बैंकहरुको ब्याजको पीडा खेप्न नसकेर आत्महत्या गरेपछि अभियानको नाममा आन्दोलन हुँदै आएको छ ।

सो अभियानको जनकपुरधाम अञ्चलका संयोजक सुरेन्द्रमणि शर्माको अगुवाईमा बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लिएर चर्को ब्याजको पीडा खेपीरहेका पीडितहरुले जनकपुरधामस्थित ज्योती विकास बैंक र एभरेष्ट बैंकको कार्यालयमा पुगेर मृतक चौधरीको तस्वीर टास्नुका साथै बिरोध प्रदर्शन गरेका थिए ।

# राष्ट्रपतिद्वारा संसद्को संयुक्त बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत हुने

**काठमाण्डु** । सरकारको नीति तथा कार्यक्रम मङ्गलबार पेश हुने भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नुहुने छ ।

सङ्घीय संसद्को दुवै सदनमा हरेक आर्थिक वर्षको बजेट प्रस्तुत हुनुपूर्व सरकारको नीति तथा कार्यक्रम राष्ट्रपतिबाट प्रस्तुत गर्ने अभ्यास छ । त्यसअनुरुप अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वरमा भोलि दिउँसो ३ बजे आयोजना हुने सङ्घीय संयुक्त बैठकलाई राष्ट्रपतिले सम्बोधन गर्न लाग्नुभएको हो ।

सङ्घीय संसद् सचिवालयका सहप्रवक्ता दशरथ धमलाका अनुसार संयुक्त बैठकका लागि आवश्यक तयारी पूरा भएको छ । सरकारको नीति तथा कार्यक्रम प्रस्तुत हुने संयुक्त बैठकमा उपस्थित हुन संसद् सचिवालयले उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठलगायत विशिष्ट अतिथिलाई निमन्त्रणा पठाएको छ ।



बैठकमा उपस्थित हुन राष्ट्रियसभा र प्रतिनिधिसभाका सदस्यलाई सचिवालयले यसअघि सार्वजनिक सूचनामार्फत आमन्त्रण गरिसकेको छ । त्यस कार्यक्रममा सहभागी हुन संवैधानिक निकायका प्रमुख, नेपाल सरकारका उच्चपदस्थ अधिकृत, नेपालस्थित कूटनीटिक नियोगका प्रमुख एवं प्रतिनिधि, उद्योगी/व्यावसायी, समाजका लब्धप्रतिष्ठित व्यक्ति र सञ्चारकर्मीलाई निमन्त्रणा गरिएको सचिवालयले जनाएको छ ।

यसैबीच, प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसद रामनाथ अधिकारीले सरकारको नीति तथा कार्यक्रम जनजीविकाका सवाल र युवाहरुको विदेश पलायन रोक्ने, ग्रामीण क्षेत्रमा देखिएको विकाससम्बन्धी गुनासा सम्बोधन गर्ने गरी ल्याइनुपर्ने बताउनुभयो ।

उहाँले मुलुकमा अब सरकारले केही गर्छ भन्ने भावना बोकेको नीति र कार्यक्रम आउँछ भन्ने विश्वास दिलाउन सक्नुपर्छ भन्नुभयो । सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद रणकुमारी बलम्पाकीले सरकारको नीति तथा कार्यक्रममा युवाहरुको विदेश पलायन रोक्ने र स्वदेशमै रोजगारी सृजना गर्दै कृषि उत्पादनमा जोड दिने खालको आउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, “हामी सबै विदेशबाट आयातीत र विषादी मिसिएका दैनिक उपभोग्य सामान खपत गरिरहेका छौँ । अबका दिनमा स्वदेशी उत्पादनमै निर्भर भई स्वच्छ र स्वस्थ खाना खाने तथा निरोगी बन्ने नीति तथा कार्यक्रम केन्द्रित हुनुपर्छ ।’’

नेकपा (माओवादी केन्द्र) का छिरिङ डम्डुल लामाले नीति तथा कार्यक्रम विशेषगरी नेपाली किसान र मजदुरलाई केन्द्रित गरी ल्याउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । उहाँले भन्नुभयो, “देशलाई कृषिमा आत्मनिर्भर तुल्याउने खालको नीति तथा कार्यक्रम हुनुपर्छ । कनिका छरेजस्तो नभई कृषि, पर्यटन, रोजगारी, जलस्रोत र पर्यटन क्षेत्रका लगानी गर्ने सुनिश्चित गरिनुपर्छ । साथै विज्ञान र प्रविधिलाई पनि प्राथमिकतामा राख्नुपर्छ ।”रासस

# प्रदेशसभा बैठकः पूर्वाग्राही नराखी काम गर्न सरकारलाई सुझाव

**मकवानपुर** । बागमती प्रदेशसभाको सोमबार अपराह्नमा बसेको बैठकमा प्रमुख प्रतिपक्ष दलका नेता बहादुर सिं लामाले पूर्वाग्राही नराखी प्रदेशको पूर्वाधार विकास, बजेट र योजनालाई भौगोलिक आवश्यकताअनुसार बाँडफाँट गर्न आग्रह गर्नुभयो । उहाँले अब सरकारले केही हप्ताअघि प्रदेशमा सरकारी कामकाजको भाषाका रुपमा नेवाः (नेपाल) भाषा र तामाङ भाषाको दैनिक प्रयोगको प्रदेशसभाबाट शुभारम्भ हुनुपर्ने सुझाव दिनुहुँदै अब प्रदेशसभाका सदस्यहरुले बोल्नुभएका सुझाव र भनाइलाई ती भाषामार्फत प्रसारण गर्न आग्रह गर्नुभयो ।

बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका सचेतक मधुसूदन पौडेलले सबै प्रदेशमा सहकारीको समस्या निकै जटिल हुनु पुगेकाले अब सामूहिक रुपमा सर्वसाधारण नागरिकको बचत रकम फिर्ता गर्नेतर्फ सङ्घीय सरकार र प्रदेशले समन्वय गरेर दीर्घकालीन निकास दिनेतर्फ पहल गर्नुपर्ने सुझाव दिनुभयो । उहाँले प्रतिपक्षले सरकारलाई र सरकारले प्रतिपक्षलाई आरोप-प्रत्यारोप र टिप्पणी गर्ने प्रवृत्तिलाई अब आत्मसमीक्षा गरेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

नेकपा (माओवादी) केन्द्रका सरल सहयात्री पौडेलले प्रदेश सरकारले सुशासन ल्याउन रोजगारी र स्वास्थ्य शिक्षालाई प्राथमिकतामा राखेर बजेटलाई जनमुखी बनाउपर्नेतर्फ केन्द्रित हुनुपर्ने सल्लाह दिनुभयो । उहाँले प्रदेशमा भौतिक विकास, सडक, सिँचाइ, खानेपानी र योजनालाई कार्यान्वयन गर्न सम्बन्धित निकायले व्याहारिकरुपमा कार्यान्वयन गर्न नसकेकामा प्रदेश सरकारले अब आगामी बजेट बनाउने क्रममा ती सबै योजनालाई समीक्षा गरेर अघि बढ्नुपर्ने सुझाव दिनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पाटी (राप्रपा) संसदीय दलका नेता उद्धव थापाले राप्रपाले आफ्ना आन्दोलनका क्रममा मृत्यु भएका एक नेतालाई सहिद घोषणा गर्नुपर्ने माग गर्नुभयो । उहाँले प्रदेश सरकारले विगत केही महिना अघिदेखि आर्थिक मामिला तथा योजना मन्त्रालयमा सचिवको पद रिक्त हुँदा अहिलेसम्म पनि पदपूर्ति हुन नसक्दा आगामी बजेटको सिलिङ तर्जुमा गर्न निकै कठिनाइ भएकातर्फ सरकारलाई ध्यानाकर्षण गराउनुभयो ।

बैठकमा एकीकृत समाजवादी कृष्णप्रसाद शर्मा खनालले सङ्घीय सरकार र प्रदेश सरकारको मातहतमा रहेका प्रहरी संयन्त्र र निजामती कर्मचारीहरुले आफू इमान्दारीपूर्वक सरकारले दिएको जिम्मेवारी पूरा गर्नेतर्फ दृढताका साथ अघि नबढेकाप्रति चिन्ता व्यक्त गर्नुभयो ।

उहाँले अहिले राजनीतिक समीकरणमा प्रतिशोधका कारणबाट प्रदेशमा इमान्दारीपूर्वक सरकारले आफ्नो जिम्मेवारीलाई बहन गर्न नसकिएको उल्लेख गर्नुहुँदै मन्त्री पदलाई मात्रै महत्व दिएर प्रदेशमा शान्तिसुरक्षा, मानव अधिकारको संरक्षण र जनतालाई सुशासनतर्फ विश्वास र भरोसा दिनेतर्फ जवाफदेही हुन नसकेकामा दुःख व्यक्त गर्नुभयो । सो अवसरमा नेपाल मजदुर किसान पार्टीका नेता सुरेन्द्रराज गोरसाईले नेपालमा कम्युनिष्ट पार्टीको सरकार पटक-पटक बनेको भए पनि जनतालाई इमान्दारिपूर्वक सुशासन दिने, स्वास्थ्य उपचार, गुणस्तरीय शिक्षालगायत भौतिक पूर्वाधारको विकासलाई दिगो व्यवस्थापन गर्न नसकेकामा जनता निराश भएका छन् भन्नुभयो ।

उहाँले संविधानमा समाजवादको सिद्धान्तलाई व्याख्या गरिएको भए पनि राजनीति दलहरुले जनतालाई उनीहरुको व्यावहारिक जीवनमा समाजवादप्रतिको लक्ष्यलाई उजागर र अहिले ती जनतालाई न्यूनतम स्वास्थ्य उपचार र रोजगारीको अवसर उपलब्ध गराउन प्रदेश सरकारले बजेट, योजना, राष्ट्रिय गौरवको आयोजनालाई अब आत्मसमीक्षा गरेर कार्यान्वयन गर्न आग्रह गर्नुभयो । प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले प्रदेशसभाको अर्को बैठक भोलि जेठ १ बजे अपराह्न ३ बजे बस्ने गरी सोमबारको बैठक स्थगित गर्नुभयो ।रासस

# मधेश प्रज्ञा प्रतिष्ठानद्वारा अन्तरसम्वाद कार्यक्रम सम्पन्न



**टुडे समाचारदाता**

सिरहा । मधेश प्रदेश अन्तर्गतका भाषा, कला, साहित्य, संस्कृतिआदिको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले अन्तरसंवाद कार्यक्रम लहानमा भव्यरुपमा सम्पन्न भएको छ । जागरण नेपाल सिरहाको सहकार्य तथा मधेश प्रज्ञा प्रतिष्ठानको आयोजनामा सिरहाको लहान स्थित होटल विशालको सभाकक्षमा अन्तरसंवाद कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमका प्रमुख अतिथि मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडि भ्रमरले भाषा, साहित्य, कला, संस्कृति, गीत/ सङ्गीत र नाट्यकला गरी छ विधाको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनकालागि प्रतिष्ठानले निरन्तर कार्य अगाडि बढाएको जानकारी दिदै यस कार्यमा सबैको साथ र सहयोगको आवश्यकता रहेको बताए । उनले सरकारी नियम र खर्चमापदण्डले चाहे अनुसारको काम गर्न अपठ्यारो भएपनिआमीनिर्धारित कार्यक्रमहरु अगाडी बढाउन हर संभव प्रयास गर्दै गरेको जानकारी गराएका थिए ।

अन्तरसंवाद कार्यक्रममा मधेश प्रज्ञा प्रतिष्ठानका सदस्य दिनेश यादवले मधेश प्रदेशमा बोलिने मातृभाषा, साहित्य, कला, संस्कृति, गीत/सङ्गीत र नाट्यकलालाई उजागर गर्ने उद्देश्यका साथ यो कार्यक्रम गर्न लागेको बताउदै मधेशका आठवटै जिल्लामा यस्ता कार्यक्रम गरेर यस विधामा देखिएका कमि कमजोरी र सुझावहरुलाई संकलन गरी सबै विधाको संरक्षण र संवर्धन गर्न प्रतिष्ठान अघि बढेको बताए । जागरण नेपाल सिरहाकाअध्यक्ष ज्ञानेन्द्र कुमार रायको अध्यक्षतामा सम्पन्नकार्यक्रमको सहजिकरण पत्रकार एवं साहित्यकार शिवकुमार साहले गरेका थिए ।

कार्यक्रममा प्रतिष्ठान द्वारा निर्धारित छववटै बिधामाआबश्यक सुभावदिन छव वटा समूहको गठन गरी सुभाउ संकलन गरिएको थियो ।

# नागरिक आरोग्य सेवा केन्द्र स्थापना

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको लालबन्दी नगरपालिका-५, स्थित वडा कार्यालयमा सोमबार नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरिएको छ ।

प्रदेश सरकारको प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय मातहत रहने गरी मेजरगन्जस्थित वडा कार्यालय परिसरमा नागरिक आरोग्य सेवा केन्द्रको स्थापना गरिएको छ । केन्द्रको सोमबार बिहान लालबन्दी नगरपीलकाका मेयर बासुदेव अधिकारीले उद्घाटन गरेका छन् ।

वडाध्यक्ष मिनप्रसाद ढुंगेल (रामु) को अध्यक्षतामा आयोजित कार्यक्रममा उपमेयर कल्पनामाया पाख्रिन, प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपाने, आरोग्य सेवा केन्द्र जिल्ला प्रतिनिधि (वैद्य निरीक्षक) महेश जैसवाल, लालबन्दी नगरपालिकाको स्वास्थ्य शाखा संयोजक मुमताज मिकरानी, हरिपुर नगरपालिकाको आयुर्वेद शाखाका प्रमुख कपिलेश्वर झालगायतको आतिथ्यता रहेको थियो ।

नागरिक आरोग्य सेवा केन्द्रमा एक जना वैद्य बसेर आयुर्वेद सम्वन्धी परामर्श र औषधि प्रदान गर्ने छन् ।

सोमबार औपचारिक रुपमा सेवा केन्द्रको स्थापना भए पनि आयुर्वेद औषधि आउन भने अझै केही दिन लाग्ने बताइएको छ ।

गुठी संस्थान
शाखा कार्यालय जनकपुरधाम, धनुषा
भुलसुधार सम्बन्धी सुचना

कुवा हाट बजार ठेक्का सम्बन्धी राष्ट्रिय दैनिक पत्रिका जनकपुर टुडेमा मिति २०८१/०१/३१ गते प्रकाशित सार्वजनिक सुचनाको बोलपत्र आव्हान गरिएकोमा ७ (सात) दिने र न्यून्तम वार्षिक बहाल (ठेक्का) रकम रु.६,४३,५००/-(अक्षरमा छ लाख त्रिचालिस हजार पाँच सय) हुनुपर्नेमा अन्यथा भएको हुँदा सोही अनुसार भुलसुधार गरिएको छ ।


सम्पर्क नं. ०४१-५९०२८१

श्री माध्यमिक विद्यालय
परवाहा देउरी धनुषा
माई पोखरीमा माछा पालनको लागि डाक बढाबढ
सूचना प्रकाशित मिति : २०८१/०१/२८

यस विद्यालयको मातहतमा रहेको माई पोखरीमा माछा पालनको लागि मिति २०८१/०२/०६ गते देखि २०८६/०२/०६ गते सम्म ५ (पाँच) वर्षको लागि मिति २०८१/०२/०६ आइतवार दिउसो २ बजे हुने डाक बढाबढमा ईच्छुक उम्मेदवारहरुलाई विद्यालयको प्राङ्गनमा उपस्थित भई दिनु हुन यसै सूचना मार्फत जानकारी गराईन्छ । साथै शर्तहरु तपशिल बमोजिम छन् ।

तपशिल
१. ठेकेदार नेपाली नागरिक हुनुपर्छ ।
२. ठेकेदार माथि विद्यालयको कुनै किसिमको जिन्सी वा नगदी बाँकी रहेको हुनु हुदैंन ।
३. ठेकेदार माथि कुनै किसिमको फौजदारी अभियोग लागेको हुनुहुँदैन ।
४. ठेक्का ५ (पाँच) वार्षको लागि मात्र लाग्नेछ ।
५. ठेक्का रकम प्रत्येक वर्षको शुरुवात मै बुझाउनु पर्नेछ ।
६. ठेक्का को १०% रकम धरौटी को रुपमा डाक कबुल गरेको मितिमा नै बुझाउनु पर्नेछ ।
७. पहिलो वर्षको रकम ७ (सात) दिनको भित्रमा बुझाई चलन पूर्जि लिनु पर्नेछ ।
८. धरौटी रकम अन्तिम किस्तामा मिनहा हुनेछ ।
९. शर्तहरुको कबुलियतनामा नेपाली कागजमा गर्नुपर्नै छ ।
१०.ठेक्का सम्बन्धि अन्तिम अधिकार विद्यालय प्रशासनमा निहित रहने छ ।

प्रधानाध्यापक



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# संघीयता कमजोर बनाउने षडयन्त्र

सत्ताको खेलमा रहेका नेकपा माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई प्रयोग गर्दै नेकपा एमालेले देशमा संघीयतालाई कमजोर बनाएर समाप्त गर्ने रणनीति अनुसार अगाडि बढेका छन् । संघीय सरकारलाई अस्थिर बनाएर सबै प्रदेशमा सरकारलाई विवादित र असफल बनाउने गम्भीर षडयन्त्र भएको छ। कोशी, गण्डकी, सुदूरपश्चिम सरकारमाथि सर्वोच्च अदालतमा मुद्दा चलिरहेको छ। मधेश प्रदेशमा पनि उथलपुथल गराइएको छ। संघीयताका लागि लामो संघर्ष गरेको दाबी गर्ने प्रधानमन्त्री प्रचण्ड स्वयंले नै संघीयतालाई समाप्त गर्न उद्यत भएका छन् । संघीय सरकारको गतिविधिले सबै प्रदेश सरकार कमजोर बनेका छन् । देशमा राजनीतिक स्थिरताका लागि शीर्ष नेताहरु गम्भीर हुनुपर्छ। राजनीतिक स्थिरता नभए सम्म देशमा विकास सम्भव छैन् । सरकारका मुख्यसचिवमाथि कयौं मुद्दा अख्तियारमा छन् । निर्वाचन आयोग जसपा नेपालको विभाजन प्रकरणमा विवादमा मुछिएको छ । सर्वोच्च अदालत पनि विवादमुक्त हुन सकेको छैन् । एउटै प्रकृतिको मुद्दामा दलगत आस्थाको आधारमा हुने फैसलाले सर्वोच्च अदालतलाई समेत विवादित बनाइएको छ । सरकार, न्यायालय, संवैधानिक निकायहरु विवादमुक्त हुन नसक्दा देशमा रहेको संघीय लोकतान्त्रिक गणतन्त्र समेत धरापमा पर्ने निश्चित छ। देशमा हिन्दू राष्ट्र र राजा फर्काउने शक्ति पनि सशक्त हुँदै गएको छ । गणतन्त्र र संघीयताप्रति आमजनमा वितृष्णा उत्पन्न हुने काम सत्तापक्षबाट भइरहेको छ। सरकारले नै भ्रष्टाचारलाई मलजल र भ्रष्टाचारीलाई बचाउ गरिरहेको छ। संसदको गतिरोध समाप्त गर्न सत्तापक्ष उदासीन छ। संसदलाई छलेर अध्यादेशबाट बजेट ल्याउने सम्मको तयारी सरकारले गरेको छ । सरकारले विपक्षलाई विश्वासमा लिएर अगाडि बढन सके संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत हुँदै सबल हुनेछ। तर सरकारले संघीयतालाई नै धरापमा पार्ने काम गरिरहेको छ । संघीय प्रणाली अन्तरगतको प्रदेश संरचनाको कट्टर बिरोधी रहेको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) र एमालेले देशमा दुई तहको सरकार राख्ने उद्देश्यका साथ अगाडि बढेका छन्। तर संघीयतालाई समाप्त गरिए देशमा रहेका पहिचानवादी दलहरुको अस्तित्व नै समाप्त हुनेछ। खास गरी मधेशमा केन्द्रित भई राष्ट्रिय राजनीतिमा निर्णायक शक्ति रहेका दलहरुलाई सर्वाधिक क्षति व्यहोर्नुपर्नेछ । पहिचान र अधिकार दुबै हरण हुने छ । अहिले देशमा पहिचानवादीहरुलाई फुटाएर कमजोर बनाउँदै संघीयता समाप्त गर्न भइरहेको गतिविधिलाई चिर्दै मधेश केन्द्रित दलहरु एकजुट हुन आवश्यक छ।

# सत्ता संकट र गलाकाट प्रतिस्पर्द्धा



रोशन जनकपुरी

मिर्जा गालिबको प्रसिद्ध शेर छ : 'बडे बेआबरु हो के तेरे कूचे से हम निकले, बहुत निकले मेरे अरमान फिर भी कम निकले ।'वर्तमान सरकारी गठबन्धनको सरकारबाट जनता समाजवादी नेपालका अध्यक्ष उपेन्द्र यादबको बहिर्गमनको सन्दर्भमा गालिबको यो शेर उपयुक्त देखिन्छ।

सत्ता राजनीतिमा, गठबन्धन सरकारमा सामिल हुनु र बाहिरिनु सामान्य प्रक्रिया जस्तै हुन्छ। तर लामो समयसम्म अनेकौं अनेकौं आरोह र अवरोहको बीच एउटा कित्तामा बसेर पार्टीहरु अलग्गिनुको नमिठो दूरगामी प्रभाव हुने गर्छ । जसपा नेपाल अध्यक्ष उपेन्द्र यादव र नेकपा (माओवादी केन्द्र)का अध्यक्ष र प्रधानमन्त्री प्रचण्डबीच यस्तै 'लभ एन्ड हेट'को सम्बन्ध रही आएको छ।उनीहरु बीच आपसी सम्बन्ध हार्दिक नै रहेको थियो ।उपेन्द्र यादवले दशवर्षे जनयुद्धकालको उत्तरार्द्धतिर र गणतन्त्र स्थापनापछि मधेशी एजेन्डा र मधेशी जनअधिकार फोरमको रुपमा माओवादी विरुद्ध प्रतिस्पर्द्धि राजनीति गर्न थालेपछि दुबैको सम्बन्ध समानान्तर र आपसी कटु हुँदै गएको हो।

यी दुई पार्टीको चरित्रको दृष्टिले विचार गर्ने हो भने माओवादी केन्द्र दसवर्षे जनयुद्धको विरासतबाट विकसित संसदीय कम्युनिस्ट पार्टी हो भने जसपा नेपाल कम्युनिस्ट विरोधी वैचारिकता बोकेको मधेशी पहिचानको मुद्दा राजनीतिबाट उदाएको पार्टी हो। उपेन्द्र यादवले पनि कैयौं पटक आफूलाई कम्युनिस्ट विरोधी भन्दै आएका छन् । तर सरकार गठनको निम्ति निर्मित गठबन्धन समीकरणमा यी दुबै दल प्रायः एक साथ देखिँदै आएका छन् । प्रचण्ड नेतृत्वको माओवादी केन्द्र प्रतिपक्षमा भएको बेला उपेन्द्र यादव केही समयको निम्ति अन्य गठबन्धनमा सरकारमापनि गएका थिए। तर प्रचण्ड प्रधानमन्त्री भएको सरकारमा जसपा नेपाल अध्यक्ष यादव हरेक पटक साथ रहँदै आएका थिए। समग्रमा विचार गर्ने हो भने गणतन्त्रपछि बन्ने प्रायः सबै गठबन्धन समीकरणमा प्रचण्ड र उपेन्द्र यादव साथ साथ देखिँदै आएका छन् । यो दुबैको निकटता नै हो कि अन्य प्रदेशमा पार्टीहरुको सम्बन्धमा उतार चढाव आएपनि मधेश प्रदेशसभामा शुरुदेखि अहिलेसम्म निरन्तर चलिआएको जसपा नेपाल नेतृत्वको गठबन्धन सरकारलाई माओवादी केन्द्रले समर्थन गर्दै आएका थियो।

नेपाली संसदीय सत्ता राजनीतिमा मूख्यतः तीनवटा समीकरण हालसम्म देखिँदै आएको छ – एउटा केपी ओली नेतृत्वको नेकपा (एमाले)को, दोस्रो शेरबहादुर देउवा नेतृत्वको नेपाली काँग्रेसको र तेस्रो यी दुबैबीच कहिले यता त कहिले उता ढलीमली गरिरहने प्रचण्ड नेतृत्वको माओवादी नेतृत्वको। जसपा नेपाल अध्यक्ष यादव प्रायः सँधै प्रचण्ड समीकरणमा रहँदै आएका थिए। हुनपनि गणतन्त्र स्थापनापछि अधिकांश समय प्रचण्ड नै प्रधानमन्त्री रहँदै आएका छन् । त्यसैले सरकारमा बस्नलाई प्रचण्डको समीकरणमा नबसी उनलाई सुख नै थिएन। अर्को, गणतन्त्र स्थापनापछि माओवादी केन्द्र र उपेन्द्र यादव लगायत मधेशी एजेन्डा राजनीतिबाट विकसित पार्टीहरु नयाँ र पारम्परिक सत्ता संस्कृति विरुद्ध संघीय चरित्रका राजनीतिक पार्टीहरु थिए । यसकारण आमूल परिवर्तनकारी विचारधारा तथा पहिचानको राजनीतिक उद्देश्यको निकटकताको कारणपनि ऐतिहासिक आवश्यकताले दुबै पार्टीलाई निकट हुन बाध्य बनाएको हो । तर संसदीय सत्ताको अभ्यासमा वैचारिकता र एजेन्डाबाट जानिँदो नजानिँदो पारामा टाढिँदै गएपछि यिनीहरुको निकटता र दूरीको सम्बन्ध सत्ताको अवसरमात्रको सम्बन्धको रुपमा परिणत भैसकेको थियो । तरपनि संसदीय यात्रामा बन्ने प्रायः सबै समीकरणमा प्रचण्ड र यादव एउटै कित्तामा रहँदै आएका थिए। यो बेग्लै कुरा हो कि गठबन्धनमा बस्ने वा छाडने निर्णय गर्दा कुनै कुनै बेला दुबैले एक अर्कालाई जानकारी नै नदिइ, अकस्मात नयाँ समीकरण बनाउने गरेका पनि थिए । शायद यो दुबैको अनौपचारिक समभ्रदारी हुनसक्छ, सामान्य चित्त दुखाईपछि दुबै फेरी एउटै कित्तामा आउने गरेका थिए।

तर यस पटक भने दुबैतिर घाउ गहिरो छ । प्रचण्डलाई शंका छ, यादव नेकासंग मिलेर उनको सरकार विरुद्ध एकीकृत समाजवादी अध्यक्ष माधवकुमार नेपाल सहित नयाँ समीकरण निर्माणमा लागेका थिए।

> दोष गैरवैचारिक र गैरजनवादी राज्यसत्ताको चरित्र हो, जस्को आकर्षणमा सबै नग्न दौडी रहेका छन् । वस्तुतः सत्ताको निम्ती यो नग्न दौड गलाकाट प्रतिस्पर्द्धापनि हो, जस्मा सबैले एकअर्काको गला काट्न उद्धत हुन्छ ।

यादवको आरोप छ, एमाले अध्यक्ष ओलीसंग मिलेर प्रचण्डले उनको पार्टी फुटाई दिएका छन्। फुटनेहरुले भने यस फुटको कारण आन्तरिक र यादवको एकल महत्वाकांक्षा र मनोमानी भनिरहेका छन् । जे भएपनि जसपा नेपाल फुटेको पनि छ । अध्यक्ष यादव विदेशमा नै रहेको बेला अशोक राई लगायत उनका निकटस्थहरुले पार्टी फुटाएका छन्, र प्रचण्ड सरकारलाई समर्थन दिईरहेका छन्।

यो लेख तयार गरिरहँदा उपेन्द्र यादवले सरकारका मन्त्रीपदबाट राजिनामा दिएर सरकारलाई आफ्नो पार्टीको समर्थन फिर्ता लिइसकेका छन्, भने अशोक राई नेतृत्वको जसपाका तीन जना सांसदहरु मन्त्री र राज्यमन्त्री हुने तय भएको खबरआई रहेको छ।

यसकै प्रभावस्वरुप मधेश प्रदेशमा एमाले-माओवादी केन्द्र लगायतले समर्थन फिर्ता लिइसके छ । त्यहाँपनि जसपा नेपाल नेतृत्वको सरकार अल्पमतमा परेको छ। त्यहाँपनिनयाँ सरकारका निम्ति एमाले, माओवादी, जनमत, र लोसपा लगायतको नयाँ समीकरण बनाउने कसरत शुरु भएको छ।

लाग्छ जसपा नेपाल अध्यक्ष यादव एकपछि अर्को गर्दै राजनीतिक रुपमा झन् झन् संकटग्रस्त हुँदै गैरहेका छन् । कदाचित मधेश प्रदेशमा उनले प्रदेश सरकार गुमाए भने (जस्को सम्भावना बलियो छ) प्रदेश स्थापनापछि जसपा बाहेक कुनै अन्य पार्टीले सरकारको नेतृत्व गरेको पहिलो राजनीतिक घटना हुनेछ ।उल्लेखनीय छ, प्रदेश स्थापनापछि मधेश प्रदेशमा निरन्तररुपमा जसपाको नेतृत्वमा सरकार सञ्चालन हुँदै आएको छ।

जसपा नेपाल अध्यक्ष यादवको चुनौती के छ भने विगतमा गठबन्धन सरकारमा उनलाई सहयोग गर्दै आएका लोकतान्तिक समाजवादी पार्टी लगायतका अन्य मधेशकेन्द्रित दलहरु उनलाई साथ छाडेर टाढिएको स्थिति छ । प्रचण्डसंगको गठबन्धनबाट बहिर्गमनपछि उनले नेपाली काँग्रेस र एकीकृत समाजवादी लगायतसंग मिलेर सरकार बनाउने विकल्प सौंचेपनि महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टीको समर्थन बिना यो सम्भव छैन । तर उनले सौंच्नुभन्दा पहिले नै लोसपा तथा सीके राउत नेतृत्वको जनमत पार्टीका सांसदहरु एमाले र माओवादीकेन्द्रका सांसदहरुसंग प्रसन्न मुद्रामा हात मिलाएको तस्वीर मिडियामा सार्वजनिक भैसकेको छ। यससंगै नयाँ सरकारमा भागबन्डा समेत तय भैसकेको र मूख्यमन्त्री को हुने भन्ने प्रश्नमा मात्रै अडकेको समाचार आइरहेको छ । तात्पर्य के भने मधेश प्रदेशमा पनि अध्यक्ष यादवको निम्ती अवसर संकुचित हुँदै गैरहेको छ। वैधानिकरुपमा तीस दिनको समय भएपनि प्रदेश प्रमुखले हालको मूख्यमन्त्रीलाई बहुमत सिद्ध गर्ने अवसर दिन्छन, दिँदैन, वा दिए कति दिनसम्मको निम्ति दिने छन् भन्नेमा नै यस सरकारको आयू निर्भर गर्छ । जसपा नेपालले आफ्नो सरकार जोगाउन प्रयत्न गर्ने मौकापनि यसैमा निर्भर गर्छ।

प्रदेशमा जसपा नेपाल पक्षका सांसदहरु मध्ये कोहीपनिराई नेतृत्वको जसपातिर अहिलेसम्म खुलेका छैनन् । तर स्थिति यथावत रहनेछ भनेर भन्न सकिने स्थिति छैन । निर्वाचन आयोगले यादव नेतृत्वको जसपा नेपाल वा अशोक राईको जसपा मध्ये एउटा चुन्न पार्टी सांसद र सदस्यहरुलाई जेठ १३सम्मको समय दिएको छ । भन्नलाई त वर्तमान मूख्यमन्त्री सरोज यादवले आफूले पन्द्र दिनभित्र सजिलै बहुमत सिद्ध गर्ने दावी गरिरहेका छन् । तर जसरी संघीय सरकारमा राई नेतृत्वको जसपाका सांसदहरु मन्त्री बन्ने खबर आउँदै छ, र यता प्रदेशमा एमाले माओवादीकेन्द्रहरुको समीकरणमा बहुमत संख्या देखिँदैछ, मूख्यमन्त्री यादवले दावी यसै हुन्छ भन्न गाह्रो छ।यो अवधि भने पार्टी सदस्य र सांसदहरुलाई आफूतिर तानातान गर्न दुबै पक्ष जोड लगाउने छन् भन्ने निश्चित नै छ।

यो त भयो वर्तमान राजनीतिको प्रत्यक्ष चित्र। यस्का प्रवृत्तिगत चित्रपनि कम रोचक छैनन्। मिडियामा भएको चर्चा अनुसार यस फूटको मूख्य कारण जसपा अध्यक्ष यादव र एकीकृत समाजवादी अध्यक्ष माधवकुमार नेपालले नेपाली काँग्रेससंग मिलेर नयाँ समीकरण बनाउने योजना बनाएको र अशोकराईको समूह यस्को पक्षमा नरहेको भनिन्छ। यस फूटको प्रभाव एकीकृत समाजवादीमाथी परेको देखिन्छ । हुन त एकीकृत समाजवादीले यस योजनाबारे आफ्नो संलग्नता अस्वीकार गरेका छन्, र वर्तमान सरकारलाई समर्थन निरन्तरता नै दिएका छन्। तर एकिकृत समाजवादी अध्यक्ष नेपालको पूर्वपार्टी एमालेका अध्यक्ष ओलीसंग उनको अत्यन्त कटु सम्बन्ध र एक अर्कालाई देखि नसहने व्यवहारहरुलाई विचार गर्ने हो भने प्रचण्डसंग नेपालको सम्बन्धमा पनि व्यापक असन्तुष्टि र अस्थिरता सहजै अनुभूत गर्न सकिन्छ । यद्यपि यसलाई सत्ताको बाध्यता नै भन्नु पर्छ कि अध्यक्ष नेपाल अहिले सन्तुलित भाषा र व्यवहार प्रयोग गरिरहेका छन् र जसपा नेपाल अध्यक्ष अहिले एकल अस्तित्वको लडाई लडदै छन्।

यसको एउटा अर्को कोणपनि छ, जसतर्फ प्रायः धेरै विचार गरिँदैन। त्यो भनेको संसदीय राजनीतिक समीकरणहरु बीच माओवादी अध्यक्ष प्रचण्डको कित्ताको प्रश्न हो । माथी नै चर्चा गरियो, वर्तमान नेपाली राजनीतिमा एमाले, नेका र माओवादी केन्द्रका गरी तीनवटा कित्ताहरु देखिन्छ, जस्ले संसदमा सत्ताको प्रतिनिधित्व गर्छ । यस तीनवटा कित्ता मध्ये एमाले र नेकाको कित्ता तुलनात्मकरुपमा स्थिर देखिन्छ भने प्रचण्डको कित्ता अस्थिर देखिन्छ। हुन त जनसमुदायमा स्थापित पार्टी बन्नको निम्ति जनवादी एजेन्डाहरु प्रति प्रतिबद्ध र यस्को निम्ति संसद र सडकमा सक्रिय हुनुपर्छ । तर अहिलेको स्थितिमा प्रायः सबै पार्टीहरु जनसमुदायभन्दा पनि सत्ताको अवसरमा बढी रमेको छ । यस दृष्टिले माओवादी केन्द्र र जसपा नेपालपनि अपवाद छैन, र सबै आ आफ्ना अवसरको खोजीमा लागेका छन्। जसपाको विभाजनले एउटा कित्ता प्रचण्ड सरकार (माओवादी केन्द्र र एमाले गठबन्धन सरकार)को समर्थन गरिरहेको देखिँदै छ, तर उनिहरु कुन कित्तामा छन्, भन्ने अहिले तय छैन। संसदीय कित्ताबन्दीको दृष्टिले यस विभाजनले प्रत्यक्षमा जसपा नेपाल अध्यक्ष यादवलाई गम्भीररुपमा संकटग्रस्त बनाएपनि दूरगामी अर्थमा प्रचण्डको कित्तापनि कमजोर भएको छ। तर यस्को दोष एउटा पक्षमाथी थोपर्नु उचित हुँदैन। मूख्यकारण आन्तरिक भने भै जसपा नेपाल र अध्यक्ष यादवले पनि आत्ममूल्यांकन गर्नुपर्ने आवश्यकता छ। वस्तुतः दोष गैरवैचारिक र गैरजनवादी राज्यसत्ताको चरित्र हो, जस्को आकर्षणमा सबै नग्न दौडी रहेका छन्। वस्तुतः सत्ताको निम्ती यो नग्न दौड गलाकाट प्रतिस्पर्द्धापनि हो, जस्मा सबैले एकअर्काको गला काट्न उद्धत हुन्छ।

यस सन्दर्भमा सटिक बस्ने एउटा गीतको पंक्तिबाट यस लेखको अन्त गर्नु ठिकै हुनेछ : 'कुछ कुछ है तेरे दिलमे, कुछ कुछ है मेरे दिल मे, कुछ कुछ जमाना है बुरा।'

# पर्यटक तान्दै मोटरबोट

**कमलकुमार बस्नेत**



नेपालका नदीमा पहिलोपटक 'मोटरबोट' चलेको सायद साढे पाँच दशकअघि हो । सन् १९६८ मा एड्मन्ड हिलारीले हेमिल्टन नामका दुईवटा मोटरबोट कोशी र गण्डकी नदीसम्म ल्याउनुभएको थियो । तत्कालीन समयमा यी बोट यातायात तथा ढुवानी प्रयोजनका लागि ल्याइएको थियो। हिलारीले केही समय नेपालका नदीमा ती मोटरबोट चलाएपछि स्वदेश फर्कनुअघि तत्कालीन भरतपुर गाउँ पञ्चायतलाई उपहार दिनु भएको थियो।

उपहारमा प्राप्त ती बोटलाई भरतपुर गाउँ पञ्चायतले केही समय विदेशी पाइलट राखेर सञ्चालन गर्‍यो पनि। तर पछि मर्मतसम्भारलगायतका समस्याले यी बोट सञ्चालनमा निरन्तरता भएन। केही समयपछि तीनै बोट भाडामा लिएर कोशी नदीमा चलाइयो।

त्यसपछि लामो समयसम्म नेपालका नदीमा मोटरबोट खासै चलेनन् । फाट्टफुट्ट भने ढुवानी वा यातायातका रुपमा सञ्चालन भने भएका थिए। पछिल्लो एक दशकयता नेपालका यिनै मोटरबोट पर्यटकीय गतिविधि बढाउने माध्यम बनेका छन्। अहिले कैयौं नदी तथा जलाशयमा मोटरबोट हुँइकिएको देखिन्छ। पूर्वमा कोशीदेखि पश्चिममा सुर्खेतको बुलबुल तालसम्म मोटरबोट सञ्चालन भइरहेको छ। मोटरबोट सञ्चालनमा आएसँगै ती क्षेत्रमा पर्यटकीय गतिविधि बढेको छ।

नेपालमा मोटरबोट पर्यटनको सुरुआत गर्ने श्रेय व्यवसायी राजकुमार श्रेष्ठलाई जान्छ। चितवनको ठिमुरामा लभ्ली रिसोर्ट सञ्चालन गर्नुभएका उहाँले नारायणी नदीमा पहिलोपटक मोटरबोट सञ्चालन गरी पर्यटकलाई आकर्षित गर्नुभएको थियो । उहाँले जापानबाट दुई वटा जेट स्की र एउटा जेट बोट ल्याएर नारायणी नदीमा सेवा सुरु गर्नुभएको थियो। उहाँकै सिको गरेर पछि अन्य कम्पनी पनि थपिए। तर पछि यसले पनि निरन्तरता पाउन सकेन।

सन् २०१६ मा लमजुङका विष्णुबहादुर ढकालले नेपाल सीप एण्ड बोट बिल्डिङ कम्पनी स्थापना गरेपछि भने मोटरबोट पर्यटनले पुनर्जीवन मात्र पाएन देशैभर फैलिएको छ। "हाम्रो कम्पनीले नेपालमै मोटरबोट उत्पादनका साथै मर्मतसम्भारका लागि प्राविधिक जनशक्ति तयार पारेपछि मोटरबोट सञ्चालन गर्नेहरु बढे", ढकालले भन्नुभयो, "पछिल्लो समय हामीले जनशक्ति पनि उत्पादन सुरु गरेका छौं, हाल हाम्रो कम्पनीबाट मोटरबोट उत्पादन गरी सञ्चालन गर्ने कम्पनीहरु बढेका छन्।" ढकालका अनुसार नेपालमा मोटरबोट पर्यटनको ठूलो सम्भावना छ । नेपालका कैयौं नदी र जलाशयमा मोटरबोट सञ्चालन गरी पर्यटकीय गतिविधि सञ्चालन गर्न सकिने अवस्था बनेको छ। केही स्थानीय सरकारले त आफूकहाँ भएका नदी र जलाशयमा मोटरबोट सञ्चालनका लागि सहजीकरण गर्दै सो क्षेत्रको पर्यटन गतिविधि बढाएका छन् । भरतपुर महानगरपालिका, बागमती नगरपालिका, आबुखैरेनी गाउँपालिका तथा वीरेन्द्रनगर नगरपालिकाले आफ्नै अग्रसरतामा पर्यटनको प्रबर्द्धनमा मोटरबोट सञ्चालन गरेको उहाँको भनाइ छ।

ढकालका शब्दमा कोशी नदीमा यातायात र ढुवानीका हिसाबले मोटरबोट सञ्चालन राम्रो मानिए पनि नारायणी नदी र मर्याङ्दी जलायशमा मोटरबोट सञ्चालन गरी पर्यटक आकर्षित गर्न राम्रो देखिएको छ। उहाँका अनुसार भरतपुर महानगरपालिकाले मोटरबोट सञ्चालनका कारण मनोरञ्जन करबाट मात्रै वार्षिक औसत रु ५० लाख सङ्कलन गर्दै आएको छ। यसबाट स्थानीय सरकारको राजस्व समेत बढेको छ।

"सफा पानी, पर्याप्त लम्बाइ भएकाले मर्स्याङ्दी जलविद्युत् आयोजनाको जलायश मोटरबोट सञ्चालनका लागि राम्रो छ, यस्तोमा मोटरबोट गतिविधि उत्कृष्ट मानिन्छ", उहाँले भन्नुभयो। त्यसबाहेक नेपालगञ्जको वाटरपार्कमा बोट राइडिङकै कारण भारतीय पर्यटकको सङ्ख्या बढेको छ।

भरत ताल र नारायणी नदीमा पनि मोटरबोटकै कारण पर्यटक बढेका छन् । पछिल्लो समय सुर्खेतको बुलबुले तालमा मोटरबोट सञ्चालनमा आएपछि तालको स्वरुप नै फेरिएको छ । चितवनको देवघाटमा रहेका विभिन्न कुण्ड घुम्न पनि मोटरबोट माध्यम बनेको छ। त्यसबाहेक भरतपुरको शिवघाट, सिन्धुलीको खुर्कोटलगायतमा मोटरबोट चलिरहेको छ । बर्दियाको राजापुरमा बोट चढेर डल्फिन हेर्न पाइन्छ। मोटरबोटका गतिका कारण पानीको छाल निस्कँदा डल्फिन आउने गरेका छन् । यसले सो क्षेत्रको पर्यटकीय गतिविधि बढाएको छ।

सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाले बोटेबोरा कम्पनीसँगको सहकार्यमा बुलबुल तालमा मोटरबोट सञ्चालनमा ल्याएपछि तालको स्वरुप मात्रै फेरिएको छैन, आम्दानीको नयाँ स्रोत पनि थपिएको छ। लामो समयदेखि जलकुम्भी र फोहोरले भरिएको तालको अस्तित्व सङ्कटमा परेको अवस्थामा फोहोर सफा गरी बोटेबोरा कम्पनीले मोटरबोट सञ्चालनमा ल्याएको छ। कम्पनीले बुलबुले तालमा मोटरबोट सञ्चालन गरेवापत वीरेन्द्रनगर नगरपालिकालाई वार्षिक रु १३ लाख बुझाउने सम्झौता गरेको छ।

वीरेन्द्रनगरपालिका नगर विकास समितिका सदस्य तथा बुलबुले ताल संरक्षण उपसमितिका संयोजक नवराज गुरुङले तालबाट फोहोर निकालेपछि पानीको सतह कम भएको र नगरपालिकाको सहकार्यमा केही माथिपट्टी रहेको दशधाराबाट रातिको समयमा पानी ल्याइएको बताउनुभयो । मोटरबोट सञ्चालनपछि बुलबुले ताको स्वरुप फेरिएको उहाँको भनाइ छ।

तालमा कम्पनीले नेपालकै पहिलो र ठूलो मोटरबोट उत्पादक नेपाल सिप एन्ड बोट बिल्डिङ कम्पनीले निर्माण गरेको ११ सिटे दुई वटा फिस्टेल ब्राण्डका मोटरबोटमार्फत सेवा सुरु गरेको छ। साथै, बोटेबोरा कम्पनीले नेपालगञ्ज उपमहानगरपालिकासँगको समन्वयमा वार्षिक रु २५ लाख बुझाउने गरी वाटरपार्कमा मोटरबोट सञ्चालन गरिरहेको छ।

पछिल्लो समय मोटरबोट सञ्चालनमा आकर्षण देखिनुमा बागमती नगरपालिकामा रहेको भरत तालमा मोटरबोट सञ्चालन हुनु पनि हो। सुरुमा माछापालनका लागि बनाइएको पोखरीलाई तालमा परिणत गरिएपछि मोटरबोट सञ्चालन गरिएको थियो। मोटरबोटकै कारण उक्त क्षेत्रको पर्यटकीय गतिविधि मात्रै बढेको छैन, सयौं जनाले रोजगारी पनि पाएका छन्।

बागमती नगरपालिकाका उपप्रमुख लिलाकुमारी मोक्तानका अनुसार भरत तालमा मोटरबोट सञ्चालनका कारण धेरैले रोजगारी पाएका छन् भने यसबाट पालिकाको आम्दानी पनि बढेको छ। "हाल ३० भन्दा मोटरबोट सञ्चालन भइरहेका छन्, ताल आसपासमा विभिन्न होटल, रेष्टुराँ तथा पसल सञ्चालन भइरहेका छन् । सामान्य दिनमा औसतमा दुई हजार र मेलापर्व र बिदाका दिनमा पाँच हजारसम्म पर्यटक आउने गरेका छन्", उहाँले भन्नुभयो । उहाँका अनुसार मोटरबोट सञ्चालनबाट नगरपालिकाले २० प्रतिशत शुल्क लिने गरेको छ।

त्यसो त स्याङ्जाको मिर्मीदेखि सेतिबेनीसम्मको बाँधमा यातायातका रुपमा स्टिमर भनिने मोटरबोट सञ्चालन लामो समयदेखि भइरहेको छ। नेपाल सीप एण्ड बोट बिल्डिङ कम्पनीका सञ्चालक ढकालले मोटरबोटलाई पर्यटकीय मनोरञ्जनका साथै यातायातको साधनका रुपमा सञ्चालन गर्न सकियो भने निकै ठूलो फाइदा लिन सकिने धारणा राख्नुहुन्छ । "अहिले नदी र जलाशयमा मोटरबोट बढी सञ्चालन भइरहेका छन्। मनोरञ्जनका हिसाबले राम्रो पनि हो तर यसको बढी उपयोग ढुवानी वा यातायातका रुपमा गर्न सकिन्छ", उहाँले भन्नुभयो। उहाँका अनुसार भारतको कलकत्तादेखि चितवनको दासढुङ्गासम्मको रुटमा १० टनसम्मको जहाज सजिलै ल्याउन सकिन्छ। यसो गर्न सकिएमा भने ढुवानी खर्च निकै कम हुन्छ।

उहाँका अनुसार हिजोका दिनमा नेपालमा जलपर्यटनसम्बन्धी गतिविधिमा ऱ्याफ्टिङ मात्रै रहेकामा अहिले मोटरबोट थपिएपछि पर्यटकीय गतिविधि बढेको छ। आगामी दिनमा यसैका आधारमा विभिन्न पर्यटकीय गतिविधि पनि सञ्चालन गर्न सकिने उहाँको भनाइ छ। "हिजोका दिनमा विदेशमा गएर गरिने 'वाटर स्पोर्टस्'का गतिविधिहरु आगामी दिनमा नेपालमै पनि गर्न सकिन्छ", उहाँले भन्नुभयो, "यसका लागि कैयन सम्भावना छन्।"

जलाशयमा डुङ्गा चलाउँदा सामान्य अनुभव मात्रै प्राप्त हुने र मोटरबोटको प्रयोग तथा अन्य गतिविधि गर्दा वास्तवमै साहसिक जलपर्यटन हुने उहाँको भनाइ छ। "मोटरबोटमार्फत गरिने गतिविधिमा हावा, पानी र गतिको सम्मिश्रण हुन्छ। यसले खेललाई साहसिक बनाउँछ।"

उहाँ हामीकहाँ भएका जलाशयहरु विद्युत् उत्पादनमा मात्रै प्रयोग भइरहेको भन्दै त्यही जलाशयमा मोटरबोट सञ्चालन गरी थप आर्थिक गतिविधि बढाउन सकिने धारणा राख्नुहुन्छ । "विदेशमा रु पाँच हजारमा गर्ने गतिविधि आजका दिनमा एक प्लेट ममःमा हुने खर्चमै हामीले उपलब्ध गराइरहेका छौं", उहाँले भन्नुभयो, "रन अफ रिभरमा औसतमा रु दुई सय ५० देखि तीन सय ५० सम्ममा अनुभव लिन सकिन्छ।"

### नेपालमै बन्छ बोट

नवलपरासीको गैंडाकोटमा रहेको नेपाल सीप एन्ड बोट बिल्डिङ कम्पनीले पछिल्लो एक दशकयता बोट निर्माण गर्दै आएको छ। "हामीले नेपालका नदीहरुको बहाव, पानीको गहिराइ, खोलाको गतिको अध्ययन गरिसकेका छौं, सोहीअनुसार बोट उत्पादन गर्छौं", कम्पनीका अध्यक्ष ढकालले भन्नुभयो।

उहाँका अनुसार कम्पनीले जापानको सुजुकी मरिन कम्पनीले उत्पादन गर्ने इन्जिन र प्रविधि प्रयोग तथा मेकानिकल स्टेरिङ प्रणालीका लागि अमेरिकाको मल्टिफेलेसको प्रणाली प्रयोग गरी बोट उत्पादन गर्दै आएको छ। उहाँका अनुसार एउटा बोट उत्पादनका लागि सामान्यतयाः औसतमा रु २० लाख पर्छ। त्यसबाहेक ग्राहकको रुचि र आवश्यकताका आधारमा यसको खर्च थपघट हुनसक्छ।रासस

# शिक्षामा सीप कार्यक्रमले जीवनको रङ्ग पहिचान गर्ने क्षमता विकास भयो : प्रमुख शाह



**काठमाण्डु ।** काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले 'चित्रकला' र 'मूर्तिकला' बाट विद्यार्थीले सीपसँगै जीवनको रङ्ग पहिचान गरेको बताउनुभएको छ ।

सामुदायिक विद्यालयका विद्यार्थीमा जीवनोपयोगी सीप र सिर्जनात्मक क्रियाकलाप देखिनु 'शिक्षामा सीप' कार्यक्रमको नतिजा रहेको प्रमुख शाहको भनाइ छ । कामपाले गत वैशाख १२ गतेदेखि सुरु गरेको 'शिक्षामा सीप' कार्यक्रमअन्तर्गत सामुदायिक विद्यालयका कक्षा ९ र १० का 'स्केचिङ एण्ड स्कप्चर' विषयका विद्यार्थीले कोरेका चित्र र बनाएका मूर्तिको अवलोकन गर्दै प्रमुख शाहले उक्त प्रतिक्रिया दिनुभएको हो ।

उहाँले 'विद्यालयमा सीप सिकेका विद्यार्थीलाई, एक वडा, एक उद्यम कार्यक्रमसँग जोड्न सकिने पनि बताउनुभएको छ । उहाँले माटोका भाँडा बनाउने विद्यार्थीको सीपको प्रसङ्ग जोड्दै भन्नुभयो, "वडा नं ५ मा व्यावसायिक उत्पादनको तहमा पुगेको माटोका भाँडा बनाउने कार्यक्रमसँग जोड्न सकिन्छ ।"

कामपा शिक्षा विभागले ललितकला प्रज्ञा-प्रतिष्ठानको आयोजनामा यही वैशाख २८ गतेदेखि प्रतिष्ठानकै कक्षमा विद्यार्थीले बनाएका चित्र र मूर्ति प्रदर्शनी गरेको थियो । प्रदर्शनीमा ६२४ वटा चित्र र करिब करिब छ सय वटा मूर्ति राखिएका थिए । चित्रमा जनजीवन, पेसा, प्रकृति, जमिन, जनावर र चराचुरुङ्गीका चित्र थिए ।

मूर्तिकलामा धेरैजसो फूलदानी र बिर्को भएका भाँडाकुँडा थिए । बालबालिकाले घरमा खेलौनाका रुपमा प्रयोग गर्ने आकृतिमा बिरालो, मुसो, मृग, दैनिक जीवनमा आवश्यक पर्ने खाना बनाउने चुलो, तरकारी र खाना बनाउने भाँडा थिए । कामपा सहरी योजना आयोगका सदस्य इञ्जिनियर शैलेन्द्र झाका अनुसार विद्यार्थीको संख्या, रुचि, विद्यालयको परिवेशजस्ता सूचकका आधारमा कक्षा ४ देखि ८ सम्मका विद्यार्थी समावेश गरेर एउटा विद्यालयमा एउटा बाल समूह र विभिन्न १५ वटा उपसमूह गठन गरिएका छन् ।

कक्षा ९ र १० का विद्यार्थीका लागि सञ्चालित 'शिक्षामा सीप' कार्यक्रमअन्तर्गत १० वटा विधा राखिएका थिए । उक्त विधामध्ये स्केचिङ् एण्ड स्कप्चर विषयमा ९० घण्टाको तालिमका क्रममा विद्यार्थीले बनाएका चित्र तथा आकृति कला प्रदर्शनमा थिए । यसमा विश्व निकेतन, रत्नराज्य, ज्ञानोदय, तरुण, गीतामाता, कन्या मन्दिर, सहिद शुक्र, पद्मकन्या विद्याश्रम र कोटेश्वर सरस्वती मावि गरी नौ वटा विद्यालयका १९ समूहका विद्यार्थीले बनाएका कला समावेश थिए ।रासस

# मनसुनजन्य विपद्को पूर्वतयारी आवश्यक छ : मन्त्री बस्नेत



**काठमाण्डु ।** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले मनसुनजन्य विपद् व्यवस्थापनका लागि मौसम पूर्वानुमान् र विपद्जन्य पूर्वसूचना प्रणालीलाई व्यवस्थित बनाउनुपर्नेमा जोड दिनुभएको छ ।

जल तथा मौसम विज्ञान विभागले आज सरदरभन्दा बढी वर्षाको आँकलन गरिएको तथ्याङ्क सार्वजनिक गरेको छ । सोही कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै बस्नेतले पूर्वतयारी जोड दिनुभएको हो ।

उहाँले जलवायु परिवर्तनका कारण मनसुनजन्य घटना बढिरहेको र यसको क्षति न्यूनीकरण गर्न पूर्वसूचना प्रणालीलाई भरपर्दो बनाइने बताउनुभयो । विभागले यसवर्ष सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ५५ प्रतिशतसम्म रहेको तथ्याङ्क सार्वजनिक गरेको छ ।

मन्त्री बस्नेतले आगामी मनसुनमा विपद्जन्य घटना बढ्न सक्ने भएकाले सतर्कता अपनाउन निर्देशन दिनुभयो । "जलवायु परिवर्तनका कारण मनसुनजन्य घटना बढिरहेको अवस्थामा यसवर्ष सरदरभन्दा बढी वर्षा हुने सम्भावना देखिएकाले बाढीपहिरो जस्ता विपद्जन्य घटना बढ्न सक्छ", उहाँले भन्नुभयो, "यस्ता घटना न्यूनीकरण गर्न सरोकारवालाले समयमा पूर्वतयारी गर्न आवश्यक छ ।"

> मन्त्री बस्नेतले विपद्का पूर्वसूचना प्रणाली व्यवस्थित बनाउन प्रतिक्रिया लिने र सो प्रतिक्रियाको आधारमा नीति तथा योजना तर्जुमा गर्न विभागलाई निर्देशन दिनुभएको छ ।

मन्त्री बस्नेतले विपद्का पूर्वसूचना प्रणाली व्यवस्थित बनाउन प्रतिक्रिया लिने र सो प्रतिक्रियाको आधारमा नीति तथा योजना तर्जुमा गर्न विभागलाई निर्देशन दिनुभएको छ । मनसुनजन्य विपद्बाट हुने सम्भावित क्षति न्यूनीकरणका उपाय अवलम्बन गर्न कुनै कसर बाँकी नराख्ने मन्त्री बस्नेतको भनाई छ । "पूर्वसूचना प्रणाली विकासका लागि जनशक्ति अपुग छ, आवश्यक जनशक्ति पूर्ती गर्नुपर्ने छ", उहाँले भन्नुभयो, "वित्तीय स्रोतको अभाव अर्को मुख्य चुनौती रहेकाले वित्तीय स्रोत व्यवस्थापनका लागि पहल कदमी आवश्यक छ ।"

मन्त्री बस्नेतका अनुसार जलवायु परिवर्तनका कारण कहिले बढी वर्षा हुने, कहिले कम वर्षा हुने त कहिले खडेरी पर्दा कृषि उत्पादनमा असर पुगिरहेको छ । "मौसमसम्बन्धी सूचना भरपर्दो हुँदा कुन समयमा धान रोप्ने, कुन समयमा बीउ रोप्ने, कुन समयमा धान भित्र्याउने वा कस्तो मनसुनमा कस्ता कृषि बाली लगाउने भन्ने जानकारी कृषकले पाउने छन्", उहाँले भन्नुभयो, "योसँगै मनसुनजन्य घटनाबाट हुने क्षति न्यूनीकरणका विषयमा व्यापक जनचेतना जगाउन जरुरी छ ।"

सुदूरपश्चिम प्रदेशको उत्तरपश्चिम भूभाग, बागमतीको दक्षिण पूर्वी भूभाग, मधेस प्रदेशको मध्य भूभाग र कोशी प्रदेशको मध्य तथा मध्यपश्चिम भूभागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको जानकारी दिइएको छ ।

विभागले अधिकतम तापक्रम देशका अधिकांश स्थानमा सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ६५ प्रतिशत रहेको बताएको छ । विभागका अनुसार न्यूनतम तापक्रम देशका अधिकांश स्थानमा सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ६५ प्रतिशत रहेको छ ।

सामान्यतया नेपालमा जुन १० तारिखदेखि मनसुन सुरु भएर सेप्टेम्बर २३ तारिखमा बाहिरिन्छ ।रासस

# राष्ट्रिय मुद्दामा बुझ्ने र बुझाउनेबीचको खाडल घटाउनुपर्छ : अध्यक्ष दाहाल



**काठमाण्डु ।** राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले राष्ट्रियसभा र मातहतका समितिबाट भएगरेका काम कारबाही र गतिविधिका समाचार सन्तुलित रुपमा सम्प्रेषण गर्न सञ्चार माध्यमलाई सुझाव दिनुभएको छ ।

सदन चलाउने, व्यवस्थित गर्ने र नियमित तुल्याउने भूमिका संसदीय समितिकै क्रियाशीलतामा निर्भर रहने बताउनुहुँदै उहाँले कतिपय राष्ट्रिय सराकोरका मुद्दामा बुझ्ने र बुझाउने विषयमा सरकार, सदन, राजनीतिक दल र पत्रकारमा देखिएको खाडल घटाउनु पर्ने आवश्यकता औँल्याउनुभयो ।घटना विशेषका आधारमा नभई समग्रमा राष्ट्रियसभा मातहतका समितिका समाचारले केकति स्थान प्राप्त गर्छन् र त्यसमा कस्तो सहयोग पुऱ्याउनुपर्छ भन्ने भावना सञ्चारजगतले राखिदिन अध्यक्ष दाहालको आग्रह छ ।

सबैको साझा र अपनत्व लिने गरी राष्ट्रियसभा सञ्चालन गर्न प्रयत्न भइरहेको उहाँको भनाइ छ । उहाँले सकारात्मक आलोचनासहित रचनात्मक ढङ्गबाट समाचार सम्प्रेषण गरी सहयोग पुऱ्याउन सुझाव दिनुभयो । संसदीय मामिला पत्रकार समाजका पदाधिकारीसहितका पत्रकारसँगको भेटमा उहाँले सदन चले वा नचले पनि समितिका कामलाई प्रभावकारी तुल्याउन राष्ट्रिय महत्वका विषयवस्तुलाई केन्द्रित गरी छलफल गर्न सभापतिलाई निर्देशन दिएको बताउनुभयो ।

अध्यक्ष दाहालले भन्नुभयो, "देश र दुनियाँको ध्यान केन्द्रित हुने गरी समितिमा छलफल चलाउने र राष्ट्रको प्राथमिकताका विधेयक र कानुनलाई समयमै सक्ने दृढ सङ्कल्पकासाथ संसदीय समितिले काम गर्नुपर्छ ।"विधेयकमाथि हुने राय-परामर्श र सुझाव लिन आमन्त्रण गरिने विषय विज्ञ राजनीतिक दलको कोटाका आधारमा नबोलाउन समितिलाई सुझाव दिनुभयो । उहाँले भन्नुभयो, "विज्ञ बोलाउँदा कुन दलको कति परे भन्ने होइन, खास विषयमा ज्ञान राख्ने र मागेको खुराक दिन सक्ने विज्ञ ल्याए पुग्छ ।"

विश्वासिलो वातावरण सिर्जना गर्दै अपेक्षा, आवश्यकता र सम्भावनाको पाटोमा उत्तिकै ध्यान दिन आवश्यक रहेको अध्यक्ष दाहालको भनाइ छ । उहाँले नतिजा दिने गरी राष्ट्रियसभालाई अघि बढाउन गृहकार्य र समन्वय गर्न सचिवालयका कर्मचारी तथा समितिका पदाधिकारीलाई सुझाव दिनुभयो ।रासस

# संविधान र प्रचलित कानुनअनुसार नयाँ सरकार गठन भएको हो : मुख्यमन्त्री कार्की

**विराटनगर ।** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले संविधान र प्रचलित कानुनअनुसार नयाँ सरकार गठन भएको बताउनुभएको छ । सोमबार बसेको प्रदेशसभाको पाँचौं अधिवेशनको पहिलो बैठकमा उहाँले नेपालको संविधानको धारा, १६८ को उपधारा(४) बमोजिम तथा कोशी प्रदेशसभा नियमावली, २०७४ (पहिलो संशोधन समेत) को नियम १२८ बमोजिम कोशी प्रदेशका मुख्यमन्त्री कार्कीले विश्वासको मत सदनमा प्रस्ताव पेस गर्दै सो कुरा बताउनु भएको हो ।

उहाँले भन्नुभयो, "सरकारलाई निकै ठूलो अवसर प्राप्त भएको छ । सरकार अब बजेटको सिद्धान्त र प्राथमिकताका लागि तयारी गर्दछ । सरकारले सन्तुलित विकासमा जोड दिन्छ ।"

भ्रष्टाचार न्यूनीकरण गर्न नीतिगत सुधार हुने जानकारी दिनुहुँदै मुख्यमन्त्री कार्कीले सार्वजनिक वित्तको दिगो विकास, आर्थिक विकास र रोजगारी सिर्जनामा केन्द्रित भएर काम गरिने बताउनुभयो । उहाँले आफूलाई विश्वासको मत दिने मतको सम्मान गर्ने, कसैको पनि आशा र भरोसा टुट्न नदिने र प्रदेशस्तरीय संरचनाको दिगो विकासमा सरकार गम्भीर बन्ने स्पष्ट पार्नुभयो । मुख्यमन्त्री कार्कीले संसदीय प्रक्रियाको जननी ठात्रे नेपाली कांग्रेस यो प्रक्रियाबाट बाहिर रहनु कसैका लागि पनि सुखद नभएको बताउँदै प्रदेश सरकारको विषयमा सर्वोच्च अदालतमा परेको रिट र हुने फैसलालाई आफू शिरोधार्य गर्ने जानकारी दिनुभयो ।

बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका प्रमुख सचेतक रेवतीरमण भण्डारीले राजनीतिक स्थिरता, मुलुकको समृद्धि र सुशासनका निम्ति वर्तमान सरकारलाई विश्वासको मत दिन आग्रह गर्नुभएको थियो ।नेकपा (माओवादी केन्द्र) संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले र नेकपा (एकीकृत समाजवादी) दलका तर्फबाट कोशी प्रदेशसभा सदस्य कमलप्रसाद जवेगुले अस्थिरता र निराशालाई समाप्त पार्न यो सरकारलाई विश्वासको मत दिने जानकारी दिनुभएको थियो । उहाँहरुले समाजवादको आधार तयार गर्न राजनीतिक स्थिरता हुनुपर्छ भन्नुभयो ।

यही वैशाख २७ गते नियुक्त हुनुभएको मुख्यमन्त्री कार्कीले सोही दिन पद तथा गोपनीयता शपथ लिनुभएको थियो । उहाँलाई एमालेका ४०, माओवादी केन्द्रका १३, एकीकृत समाजवादीका तीन र जसपाका एकजना विश्वासको मत प्रदान गर्नुभएको थियो । बैठकमा नेपाली कांग्रेसका प्रदेशसभा सदस्य अनुपस्थित हुनुभएको थियो । राष्ट्रिय प्रजातन्त्र पार्टी( राप्रपा)का पाँचजना प्रदेशसभा सदस्यले तटस्थ रहने मत प्रकट गर्नुभएको थियो । अर्को प्रदेशसभाको अर्को बैठक आगामी जेठ १३ गते दिउँसो १ बजे बस्ने सभामुख अम्बरबहादुर विष्टले जानकारी दिनुभयो ।रासस


## महिला साना किसान कृषि सहकारी संस्था लि. लक्ष्मीनियाँ

## भाखा नाघेका ऋणीहरूको फोटो सहित ३ पुस्ते विवरणको ३५ दिने सार्बजनिक सुचना

यस मिहला साना कसान कषि सहकारी संस्था लि. लक्ष्मीनियाँ ०७, लक्षमिनयाँ बजार , धनुषा बाट तपसिलमा उल्लेखित ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको तोकिएको समयावधि भित्रमा बुझाउनु पर्ने रकम तिर्न बुझाउनको लागि पटक-पटक लिखित तथा मौखिक र ताकेता गर्दा समेत नतिरी नबुझाई ऋण सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता गर्न आउने बारेको यो ३५ दिने सार्बजनिक सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशित भएको ३५ दिन भित्र यस सहकारी संस्थामा सम्पर्क राखी तपाई ऋणीले लिएको कर्जाको सम्पूर्ण साँवा, व्याज तथा अन्य दायित्वहरु समेत चुक्ता र भुक्तान गर्नुहोला उक्त तोकिएको म्यादभित्र सहकारी संस्थालाई तिर्नु बुझाउनुपर्ने सम्पूर्ण रकम (साँवा,व्याज, हर्जाना) आदि नबुझाएमा नेपाल सरकारको सहकारी ऐन २०७४को दफा ७९ सहकारी नियमावली २०७५ र लक्ष्मीनियाँ गाउँपालिकाको सहकारी ऐन २०७६ तथा संस्थाको विनियम अनुसार असुल उपर गरिने व्यहोरा जानकारी गराईन्छ । नेपाल राष्ट्र बैंकले जारि गरेको नीति नियम साथै नेपाल सरकार द्वारा जारि गरिएको प्रचलित कानुन तथा ऋणी र यस सहकारी संस्थाबीच लिखित शर्त अनुसार ऋणी तथा धनजमानीको नाम कर्जा सुचना केन्द्रको कालो सुचिमा समावेश गरिने तथा संस्थामा रहेको तथा नरहेको चल अचलसम्पति (धितो) को लिलाम बिक्रि गरी सहकारी संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धि ऋणी तथा धनजमानी लाई यसै सुचनाद्वारा जानकारी गराउँदछौं । साथै गाँउपलिका र वाडा कायार्लय बाट पाउने सबै सेवा सुविधाहहरूबाट वञ्चित गरिनेछ ।

**तपसिल**

| क्र.स. | ऋणीको ३ पुस्ते विवरण | | |
|---|---|---|---|
| १ | ऋणी सुर्यकला देवी यादव<br>ना. प्र.नं. : ८८२१४१०१<br>पतिः.दिनेश यादव<br>ससुराः रामरतन यादव<br>बाबुः पुनित यादव<br>आमाः चन्द्र देवी यादव<br>ठेगानाः सिनुरजोडा नं.१<br>समुह नं.: १०५  | २.ऋणीः जरीना खातुन<br>ना. प्र.नं. : १७३०८५।१०६८<br>पतिः रमजानी नदाफ<br>ससुराः सलिम नदाफ<br>बाबुः इसक नदाफ<br>आमाः ऐसा खातुन<br>ठेगानाः सिनुरजोडा नं.१ , सोहनी<br>समुह नं. :११  | ३. ऋणीः नैनकुमारी देवी यादव<br>ना. प्र.नं. : १७३०८५।३३<br>पतिः संजिब कुमार यादव<br>ससुराः रामसेवक यादव<br>बाबुः गौरीशंकर यादव<br>आमाः अनरोगिया देवी<br>ठेगानाः सिनुरजोडा नं.१ , सोहनी<br>समुह नं.: १२  |
| ४ | ऋणीः सजरूल खातुन<br>ना. प्र.नं. :१७३०८५।७<br>पतिः. कलाम हुसेन नदाफ<br>ससुराः सलिम नदाफ<br>बाबु : सुलेमान नदाफ<br>आमाः.<br>ठेगाना : सिनुरजोडा नं.१ , सोहनी<br>समुह नं. :१३  | ५.ऋणी स्सुशिला देवी यादव<br>ना. प्र.नं. : ८८२१३२०७<br>पति :. राम कैलास यादव<br>ससुराः छेबु यादव<br>बाबु : धनेशवर यादव<br>आमाः रामकुमारी देवी यादव<br>ठेगाना : सिनुरजोडा नं.१ , सोहनी<br>समुह नं. : १६  | ६. ऋणी : आशा देवी यादव<br>ना. प्र.नं. :१७३०८५र१४६<br>पतिः. रामइशवर यादव<br>ससुरा : भोला यादव<br>बाबु : सुय नारायण यादव<br>आमाः पानबती देवी यादव<br>ठेगाना : सिनुरजोडा नं.१ , सोहनी<br>समुह नं. : १९  |
| ७ | ऋणी : अनिता यादव<br>ना. प्र.नं. :१७३०८५/१३८०<br>पति :. रामचरितर यादव<br>ससुरा : लक्ष्मी यादव<br>बाबु : मनिज यादव<br>आमा : समुन्द् देवी यादव<br>ठेगाना स सिनुरजोडा नं.१ , सोहनी<br>समुह नं. : १९  | ८. ऋणी : अनिता देवी राय<br>ना. प्र.नं. : १७३०८५र५१७<br>पति :. रामप्रगास राय<br>ससुरा : पुरन राय<br>बाबु : रामकिसुन राय<br>आमा :-<br>ठेगाना : सिनुरजोडा नं.३ , सोनामाइटोल<br>समुह नं. : २  | ९.ऋणी : रिना देवी राय<br>ना. प्र.नं. :१७३०८५र५८७<br>पति :. सुर्रश राय<br>ससुरा : सिताराम राय<br>बाबु : गर्भ राय<br>आमा :-<br>ठेगानाः सिनुरजोडा नं.३ , सोनामाइटोल<br>समुह नं. : २  |
| १० | ऋणी : निर्सी देवी मण्डल<br>ना. प्र.न. : १७३०८५र५१६<br>पति :. पुनित मण्डल<br>ससुरा : राम सुनर मण्डल<br>बाबु : नथुनि मण्डल<br>आमा :-<br>ठेगाना : सिनुरजोडा नं.३ , सोनामाइटोल<br>समुह नं. : ५  | ११.ऋणी : मधु कुमारी राय<br>ना. प्र.नं. : १७-०१-७७-१०१७१<br>पति :. कपिलदेव राय<br>ससुरा : सिताराम राय<br>बाबु : शिवजि राउत कुरमी<br>आमा :-<br>ठेगाना : सिनुरजोडा नं.३ , सोनामाइटोल<br>समुह नं. :१४५  | १२.ऋणी : पवन कुमारी देवी महरा<br>ना. प्र.नं. : १७३०९३/४४<br>पति :. रामचन्द् महरा<br>ससुरा : फेकन महरा<br>बाबु : चौठी महरा<br>आमा : सुकमरीया देवी<br>ठेगाना : लक्षमिनयाँ गाँ.पाँ.१, सोनामाइटोल<br>समुह नं. :१८३  |
| १३ | ऋणी : सुकमरीया देवी महरा<br>ना. प्र.नं. : १७३०८५।७०२<br>पतिः चौठी महरा<br>ससुराः भुटा महरा<br>बाबुः रामसरणा महरा<br>आमा :-<br>ठेगानाः सिनुरजोडा नं.३ , सोनामाइटोल<br>समुह नं. : १८३  | १४. ऋणी : शैलुय कुमारी यादव<br>ना. प्र.नं. :८८२१२१६५<br>पति : श्रवण यादव<br>ससुराः बहरण यादव<br>बाबु : रामएकबाल यादव<br>आमा : निरसी देवी<br>ठेगाना : सिनुरजोडा नं.१ , सोहनी<br>समुह नं. : ६  | |

**ऋण असुली उप-समिति**
**महिला साना किसान कृषि सहकारी संस्था लि.**
**लक्ष्मीनियाँ गा.पा. - ०७, लक्ष्मीनियाँ बजार, धनुषा**

# इन्डोनेसियामा बाढीबाट मर्नेको संख्या बढेर ४१ पुग्यो, १७ बेपत्ता

**एएफपी**

तानाह दातार । सप्ताहन्तमा पश्चिमी इन्डोनेसियामा ज्वालामुखीबाट आएको आकस्मिक बाढी र चिसो लाभा प्रवाहबाट प्रभावित भई मृत्यु हुनेको संख्या ४१ पुगेको छ । घटनामा परी थप १७ जना बेपत्ता भएको स्थानीय विपद् एजेन्सीका अधिकारीले सोमबार एएफपीलाई बताएका छन्



घन्टौंसम्म परेको भारी वर्षाका कारण शनिबार साँझ इन्डोनेसियाको सबैभन्दा सक्रिय ज्वालामुखीमध्येको एक सुमात्रा टापुको दुई जिल्लामा ठूलो ज्वालामुखी खस्दा चट्टान खस्दा सडक, घर र मस्जिदहरू जलमग्न भएका छन् । "गत रातिको आँकडाअनुसार हामीले ३७ शव रेकर्ड गरेका छौँ तर आज बिहान यो स८्या बढेर ४१ पुगको छ", पश्चिम सुमात्रा विपद् न्यूनीकरण एजेन्सीका अधिकारी इल्हाम वहाबले एएफपीलाई भन्नुभयो । उहाँका अनुसार अझै पनि उद्धारकर्ताहरूले बेपत्ता १७ जनाको खोजी गरिरहेका छन् । यसमा अगम जिल्लामा तीन र तानाह दातारमा १४ जना छन् । दुवै जिल्ला बाढीबाट सबैभन्दा बढी प्रभावित क्षेत्र हुन् । यहाँ लाखौं मानिस बस्छन् ।

> गत रातिको आँकडाअनुसार हामीले ३७ शव रेकर्ड गरेका छौं तर आज बिहान यो सँख्या बढेर ४१ पुगको छ, पश्चिम सुमात्रा विपद् न्यूनीकरण एजेन्सीका अधिकारी इल्हाम वहाबले एएफपीलाई भन्नुभयो । उहाँका अनुसार अझै पनि उद्धारकर्ताहरुले बेपत्ता १७ जनाको खोजी गरिरहेका छन् ।

अधिकारीहरूले मानिसहरूलाई आफन्तहरूको लगायत सुरक्षित स्थनामा जान प्रोत्साहित गरेका कारण इल्हामले खाली गरिएका स्थानीयहरूको संख्या भने पुष्टि गर्न सक्नुभएन । उहाँले पहिले, पीडितहरूको खोजी र उद्धार, गरी दोस्रो चरणमा विस्थापितहरूको सुरक्षा, कमजोर मानिसहरूको सुरक्षामा केन्द्रित रहेको बताउनु भयो । "हाम्रो ध्यान सबैभन्दा पहिला पीडितहरूको खोजी र उद्धारमा छ, दोस्रो निकालिका र कमजोर मानिसको सुरक्षामा छ", उहाँले भन्नुभयो

स्रोतका अनुसार जिल्लाका सडकहरू नदीमा परिणत भएका छन् भने मस्जिद तथा घरहरू क्षतिग्रस्त भएका छन् । भारी वर्षाले छेउछाउका इलाकाहरूलाई माटोसहितको बाढीको पानीले डुबाएको छ र नजिकैको नदीमा सवारी साधनहरू बगाएको छ । ज्वालामुखीको खरानी र ठुला चट्टानहरू माउन्ट मारापीबाट तल झरेका छन् ।

लहर पनि भनिने चिसो लाभा खरानी, बालुवा र कङ्कडसहितको ज्वालामुखीय सामग्री हो र यिनीहरू वर्षाले ज्लालामुखीको ढलानमुनि आउँछन् ।अधिकारीहरूले बेपत्ता पीडितहरूको खोजी गर्न र मानिसहरूलाई आश्रयस्थलमा लैजान उद्धारकर्ता र रबर डुङ्गाहरूको टोली पठाएका छन् । स्थानीय सरकारले आगम र तानाह दातारका धेरै क्षेत्रमा निकासी केन्द्र र आपत्कालीन चौकीहरू स्थापना गरेको छ ।

राष्ट्रिय विपद् न्यूनीकरण एजेन्सी (बिएनपिबी) ले तानाह दातारमा ८४ वटा घर, १६ वटा पुल र दुई मस्जिद सहित २० हेक्टर धान खेतमा क्षति पुगेको जनाएको छ । इन्डोनेसियामा वर्षाको मौसममा पहिरो र बाढीको जोखिम हुन्छ । सन् २०२२ मा सुमात्रा टापुमा आएको बाढीमा करिब २४ हजार मानिसलाई बाहिर निकालिएको थियो भने दुई बालबालिकाको मृत्यु भएको थियो । वातावरणीय अभियानकर्ताहरूलेप्रकोपनिम्तिनुमा वन विनाशलाई दोष दिएका छन् ।

# केजरीवाललाई मुख्यमन्त्री पदबाट हटाउन माग गरेको अपिल खारेज

**एएनआई**

नयाँदिल्ली ।सर्वोच्च अदालतले सोमबार दिल्लीको उत्पादन शुल्क नीतिसँग सम्बन्धित मनी लान्ड्रिङ मामिलामा प्रवर्तन निर्देशालय (इडी) ले पक्राउ गरेको कारण अरविन्द केजरीवाललाई दिल्लीको मुख्यमन्त्रीको पदबाट हटाउन माग गरिएको अपिल खारेज गरेको छ ।

न्यायाधीशद्वय सञ्जीव खन्ना र दीपङ्कर दत्ताको संयुक्त इजलासले यस्ता मुद्दामा जान नसकिने र यो दिल्लीका लेफ्टिनेन्ट गभर्नरले हेर्ने विषय भएको बताएको छ । इजलासले भनेको छ, "यो सबैमा हामी कसरी जाने ? लेफ्टिनेन्ट गभर्नरलाई कारवाही गर्न दिनुहोस्, कुनै कानूनी अधिकार छैन ।"गत हप्ता इजलासले जुन १ मा दिल्लीमा हुने आगामी लोकसभा चुनावलाई ध्यानमा राख्दै केजरीवाललाई अन्तरिम जमानत प्रदान गरेको थियो । तथापि इजलासले केजरीवालले मुख्यमन्त्रीका रूपमा काम गर्न नसक्ने जनाउँदै कुनै पनि आधिकारिक फाइलमा हस्ताक्षर गर्न वा मुख्यमन्त्रीको कार्यालय प्रयोग गर्न नसक्ने बताएको थियो ।

यसअघि दिल्ली उच्च अदालतले इडीले पक्राउ गरेपछि अरविन्द केजरीवाललाई दिल्लीको मुख्यमन्त्री पदबाट हटाउन निर्देशन दिन माग गरेको अपिललाई खारेज गरेको थियो । अपिलकर्ताले अदालतलाई राजनीतिक घेरामा तान्ने प्रयास गरिरहेको दिल्ली उच्च अदालतले बताएको थियो ।आम आदमी पार्टी (आप) का राष्ट्रिय संयोजक तथा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई सर्वोच्च अदालतले शुक्रबार दिल्लीको उत्पादन शुल्क नीतिसँग सम्बन्धित मनी लन्ड्रिङ मामिलामा जुन १ सम्मका लागि अन्तरिम जमानत प्रदान गरेको छ ।



आम चुनावको समयतालिका घोषणा भएको केही दिनपछि मार्च २१ मा मुद्दाका सम्बन्धमा ईडीद्वारा पक्राउ परेपछि उहाँले कारागारमा ५० दिनभन्दा बढी बिताउनुभयो ।जमानत जुन १ सम्म लागु हुनेछ । केजरीवालले जुन २ मा अधिकारीहरू समक्ष आत्मसमर्पण गर्नुपर्नेछ । इजलासका अनुसार दिल्लीका मुख्यमन्त्रीले चुनावी अभियानमा भाग लिन सक्नुहुनेछ तर मुख्यमन्त्रीका रूपमा आफ्नो कार्यालयमा उपस्थित हुन सक्नुहुन्न ।दिल्लीको सात संसदीय निर्वाचन क्षेत्रमा मे २५ मा एकै चरणमा लोकसभा निर्वाचन हुँदैछ । मतगणना जुन ४ मा हुनेछ ।

# कैलालीमा खेलकुदप्रति आकर्षण बढ्दै

**घोडाघोडी** । पछिल्लो समय कैलालीमा क्रिकेट, फुटबललगायत खेलकुदका प्रतियोगिताहरू आयोजना हुन थालेका छन् । विभिन्न समयमा यसरी जिल्लामा खेल प्रतियोगिता हुन थालेसँगै युवामा खेलप्रति आकर्षण बढ्दै गएको छ ।

ठूला धनराशिका खेलहरु आयोजना हुने कैलालीमा यतिबेला घोडाघोडी नगरपालिकामा 'जिल्ला लिग फुटबल' प्रतियोगिता भइरहेको छ । जिल्ला लिग फुटबल सङ्घका अध्यक्ष अनिल मल्लले फुटबल खेल र खेलाडीको निरन्तर विकासका लागि प्रतियोगिता हुँदै आएको बताउनुभयो । उहाँले यस्ता प्रतियोगिताले खेलकुदको क्षेत्रमा भविष्य निर्माण गर्न चाहने युवाका लागि अवसर र उत्प्रेरणा पुग्ने विश्वास लिइएको बताउनुभयो ।



धार्मिक र पर्यापर्यटनका दृष्टिले महत्वपूर्ण रहेको घोडाघोडीको पहिचान, प्रवर्द्धन तथा प्रचारप्रसारमा यो प्रतियोगिताले थप सहयोग पुग्ने घोडाघोडी नगरपालिकाका प्रमुख खड्क रावतले बताउनुभचयो । पछिल्लो समय युवाहरु लागुऔषध दुर्व्यसनीमा फसिरहेकामा चिन्ता व्यक्त गर्दै उहाँले भन्नुभयो, "युवाहरुलाई खेलकुदमा लाग्ने उत्प्रेरणा दिन सके दुर्व्यसनी न्यूनीकरण भई स्वस्थ र भयरहित समाजको निर्माणमा टेवा पुग्छ ।" एक पछि अर्को प्रतियोगिता आयोजना हुने कैलालीमा गत फागुनमा गौरीगङ्गा गोल्डकप सम्पन्न भएको थियो । सो प्रतियोगिताको मुख्य उद्देश्य योग्य र दक्ष व्यावसायिक खेलाडी उत्पादन गर्ने र युवालाई खेल क्षेत्रसँगै जोडिराख्ने रहेको थियो ।

गौरीगङ्गा-११ स्पोर्टस क्लबका अध्यक्ष दिनेश कलेलले खेलकुदको विकासका लागि रङ्गशाला निर्माणमा जोड दिनुपर्ने बताउनुभयो । "हामीले निरन्तर रुपमा फुटबल प्रतियोगिता गरिरहेका छौं । युवाहरुको खेलकुदप्रति निकै आकर्षण हुनुका साथै खेलको वातावरण पनि बन्दै गएको छ", उहाँले भन्नुभयो, "खेल अभ्यासका लागि यहाँ रङ्गशाला नहुँदा खेलकुदमा लाग्न चाहनेलाई समस्या भइरहेको छ । खेलकुदका माध्यमबाट राष्ट्रिय र अन्तराष्ट्रियस्तरका खेलाडी उत्पादन गर्ने हाम्रो लक्ष्य हो । त्यसका लागि सर्वप्रथम राम्रो खेलमैदान चाहिन्छ ।"

कैलालीको धनगढीमा गत मङ्सिरमा लिटिल फ्लावर प्रिमियर लिग क्रिकेट प्रतियोगिता आयोजना भयो । यस्ता प्रतियोगिताले खेलाडी उत्पादनमा ठूलो टेवा पुगिरहेको लिटिल फ्लावर स्पोर्टस क्लबका अध्यक्ष रामचन्द्र शाहीले बताउनुभयो । "हामीले प्रत्येक वर्ष आयोजना गर्ने प्रतियोगिताले धेरै खेलाडी उत्पादन भएका छन्", उहाँले भन्नुभयो, "भुइँबाट उठेका खेलाडी अहिले राष्ट्रिय र अन्तर्राष्ट्रिय खेल खेलिरहेका छन् ।" उहाँका अनुसार सरकारले खेल क्षेत्रमा लगानी बढाउन सके कैलालीबाट उत्कृष्ट खेलाडी उत्पादन हुन सक्छन् ।

"कैलालीका गाउँगाउँमा योग्य खेलाडी छन् । उनीहरुले अवसर पाउन सकेका छैनन्", हाल राष्ट्रिय क्रिकेट टिममा सुदूरपश्चिमबाट प्रतिनिधित्व गर्ने खेलाडीको स्मरण गर्दै अध्यक्ष शाहीले भन्नुभयो, "सुदूरपश्चिममा सरकारले खेलकुदका क्षेत्रमा लगानी बढाउन सके भविष्यमा अझ योग्य खेलाडीहरु जन्मिन्छन् ।"जिल्लामा क्रिकेटभन्दा धेरै फुटबल प्रतियोगिता आयोजना हुने गरेका छन् । प्रत्येक वर्ष ठूला धनराशिका चार वटा र साना प्रतियोगिता १० भन्दाबढी आयोजना हुने गरेका छन् ।

खप्तड गोल्ड कप, फारवेस्ट पशुपति कप, गौरीगङ्गा गोल्डकप, पालिकास्तरीय मुख्यमन्त्री फुटबल प्रतियोगिताले कैलालीमा फुटबलको 'क्रेज' बढाउन अझै मद्दत गर्दै आएको छ । छैटौं फारवेष्ट पशुपति कप २०८० र बर्दगोरियामा सम्पन्न प्रथम मुख्यमन्त्री पालिकास्तरिय फुटबल प्रतियोगिताले नयाँ खेलाडी उत्पादनमा टेवा पुगेको फारवेष्ट पशुपति कपका आयोजक खेम रावतले बताउनुभयो । सरकारले खेल क्षेत्रलाई प्राथमिकता दिइ लगानी बढाउन सके कैलालीबाटै उत्कृष्ट खेलाडीहरु उत्पादन हुन सक्ने उहाँको भनाइ छ ।

रावतकै कप्तानीमा विसं २०६८ मा धनगढीमा आयोजित छैटौं राष्ट्रिय खेलकुद प्रतियोगितामा फुटबलतर्फ सुदूरपश्चिमले स्वर्णपदक जितेको थियो । सर्वाधिक धनराशीको खप्तड गोल्ड कप प्रतियोगिता भने यस वर्ष हुन सकेन ।प्रदेशमा आयोजना हुने ठूला साना सबै प्रतियोगितामा दर्शकको उपस्थिति निकै उत्साहजनक हुने आयोजकको भनाइ छ । आम नागरिकमा खेलप्रति बढेको रुचीले खेलाडीहरू पनि उत्साहित भएका छन् । खेलमा युवाको आकर्षण बढेसँगै खेलकुदका संरचना र खेल क्षेत्रमा राज्यको लगानीको कमी हुँदा खेलाडीलाई हतोत्साहित बनाउने गरेको छ ।

सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्का सदस्य सचिव दीपकबहादुर सिंहले उक्त समस्या समाधानमा लागि 'एक निर्वाचन क्षेत्र एक खेल मैदान' भन्ने कार्यक्रम ल्याइएको बताउनुभयो।खेलाडीलाई अगाडि बढाउने दायित्व स्थानीय तहको पनि भएकाले पालिकाले स्थानीय तहमा खेल मैदान निर्माण गर्न बजेट विनियोजन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

खेल शारीरिक, मानसिक स्वास्थ्य र अनुशासित जीवनशैलीसँ जोडिएकाले युवालाई खेलमार्फत अगाडि बढाउनसके स्वस्थ र जिम्मेवार नागरिक निर्माणमा सहयोग पुग्ने सचिव सिंहको भनाइ छ । "पछिल्लो समयमा युवा कि मोबाइल, नभए लागुपदार्थ दुर्व्यसनीमा फसिरहेका छन् । युवालाई यस्ता कुलतबाट जोगाउनु हामी सबैको दायित्व हो", उहाँले भन्नुभयो, "उनीहरुलाई खेलकुदमा प्रेरित गर्न स्थानीय तहलगायत सबैले आआफ्नो तर्फबाट जोड दिनुपर्छ ।"

हरेक स्थानीय तहले कम्तीमा एक खेलमैदान र एक खेल प्रशिक्षकको व्यवस्था गर्नसके खेलमा रुची भएका योग्य खेलाडि मुलुकले पाउने सचिव सिंहले बताउनुभयो । अभ्यास गर्ने स्थान र सिकाउने प्रशिक्षकको व्यवस्था गर्न सके गाउँगाउँमा रहेका खेलाडीको पहिचान, निरन्तर अभ्यास र उत्कृष्ट खेलाडी छनोटमा सहयोग पुग्ने उहाँको भनाइ छ । रासस

# सन् २०२४ मा अस्ट्रेलियाको मुद्रास्फीति तीन प्रतिशतभन्दा कम हुने अनुमान

**सिन्ह्वा**

क्यानबेरा । अस्ट्रेलियाको मुद्रास्फीति दर सन् २०२४ को अन्त्यसम्ममा केन्द्रीय बैंकको लक्ष्य ब्यान्डमा फर्किने सरकारको प्रक्षेपण छ ।

ट्रेजरीले आइतबार जारी गरेको प्रक्षेपणअनुसार मुद्रास्फीति दर डिसेम्बरसम्म दुई दशमलव ७५ प्रतिशत र सन् २०२५ को अन्त्यसम्ममा दुई दशमलव पाँच प्रतिशतमा झर्नेछ ।

ट्रेजरीले सरकारलाई सल्लाह दिने र अस्ट्रेलियालीका लागि बलियो र दिगो आर्थिक र वित्तीय परिणामहरू प्राप्त गर्न नीति र कार्यक्रमहरू लागू गर्दछ ।सन् २०२४-२५ को सङ्घीय बजेटअघि जारी गरिएको आधिकारिक तथ्याङ्कलाई कोषाध्यक्ष जिम चाल्मर्सले मङ्गलबार राति हस्तान्तरण गर्नुहुनेछ ।

ट्रेजरी प्रक्षेपणले मुद्रास्फीति दर अस्ट्रेलियाको रिजर्व बैंकको लक्ष्य ब्यान्डमा २-३ प्रतिशतको ब्यान्डमा फिर्ता आउनेछ । यो बैंकले मेको सुरुमा प्रकाशित गरेको दृष्टिकोणमा पूर्वानुमान गरेको थियो ।


"मुद्रास्फीति अझै पनि अर्थतन्त्रमा सबैभन्दा ठूलो निकट-अवधि चुनौती हो, त्यसैले सरकारले यसका लागि केही गरिरहेको छ", चाल्मर्सले आइतबार विज्ञप्तिमा भन्नुभयो ।

अस्ट्रेलियन ब्युरो अफ स्ट्याटिस्टिक्सको पछिल्लो तथ्याङ्कअनुसार मार्चको अन्त्यसम्मको १२ महिनामा मुद्रास्फीति तीन दशमलव छ प्रतिशत रहेको थियो । यो जुन सन् २०२३ को डिसेम्बरको अन्त्यसम्ममा चार दशमलव एक प्रतिशत थियो ।

ट्रेजरी तथ्याङ्कले आगामी दुई वर्षको आर्थिक वृद्धि प्रक्षेपणलाई पनि कम गरेको छ । कूल गार्हस्थ्य उत्पादन अब सन् २०२४-२५ आर्थिक वर्षमा दुई प्रतिशत र सन् २०२५-२६ मा दुई दशमलव २५ प्रतिशतले वृद्धि हुने अपेक्षा गरिएको छ ।

यो डिसेम्बरको पूर्वानुमानमा दुई दशमलव २५ र दुई दशमलव पाँच प्रतिशतभन्दा कम हो ।

# पाकिस्तान : शहबाज सरिफद्वारा पिएमएल-एनको अध्यक्ष पदबाट राजीनामा



**एएनआई**

इस्लामाबाद । पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले सोमबार पाकिस्तान मुस्लिम लिग-नवाज (पिएमएल-एन) को अध्यक्ष पदबाट राजीनामा दिनुभएको छ । उहाँले पार्टी अध्यक्ष पदबाट आफ्नो राजीनामा पिएमएल-एनका सर्वोच्च नेता नवाज सरिफलाई बुझाउनुभयो । वरिष्ठ राजनीतिज्ञको राजीनामा आएसँगै पिएमएल-एनले नयाँ अध्यक्षको निर्वाचनका लागि मे २८ मा लाहोरमा महासभा बोलाउने निर्णय गरेको छ ।

एआरवाई न्युजका अनुसार पिएमएल-एनले यसअघि मे ११ मा महासभा आयोजना गर्ने घोषणा गरेको थियो । हालै एक पत्रकार सम्मेलनमा राणा सनाउल्लाहले पिएमएल-एनको पञ्जाब च्याप्टरले नवाज सरिफलाई पार्टीको उपलब्धिहरूमा उहाँको नेतृत्वको महत्त्वलाई जोड दिँदै पुनः पार्टी अध्यक्षता लिन आग्रह गरेको बताउनुभएको थियो ।पिएमएल-एन पञ्जाब बैठकमा नवाज सरिफसँग यो कठिन समयमा एक पटक पुनः पार्टीको नेतृत्व गर्न आग्रह गर्ने प्रस्ताव पारित भएको उहाँले जानकारी दिनुभयो ।

स्मरणीय छ सन् २०१८ मा दोषी ठहर भएपछि पूर्वप्रधानमन्त्री नवाज सरिफलाई कुनै पनि सार्वजनिक पद धारण गर्न प्रतिबन्ध लगाइएको थियो । यद्यपि इस्लामाबाद उच्च अदालतले उहाँलाई नोभेम्बर २९ मा एभेनफिल्ड र डिसेम्बर १२ मा र अल-अजिजिया सन्दर्भमा सफाइ दिएको थियो । रिहा भएपछि पूर्वप्रधानमन्त्री नवाजले सन् २०२४ को आम निर्वाचनमा भाग लिनुभयो र एनए-१३० लाहोरबाट निर्वाचित भएर फर्किनुभयो ।

# 'संयुक्त राष्ट्र संघको सहायता अभियान' अन्त्य गर्न आह्वान

**सिन्ह्वा**

बग्दाद । इराकले सन् २०२५ को अन्त्यसम्ममा इराकका लागि संयुक्त राष्ट्रसङ्घीय सहयोग मिसन (युएनएएमआई) को सञ्चालन समाप्त गर्न अनुरोध गरेको छ । प्रधानमन्त्री मोहम्मद शिया अल-सुदानीको कार्यालयले जारी गरेको विज्ञप्तिमा संयुक्त राष्ट्रद्वारा गठित स्वतन्त्र रणनीतिक समीक्षा टोलीको निष्कर्षका आधारमा इराकले युएनएएमआईलाई सन् २०२५ सम्म सहयोग मिसन समाप्त गर्नका लागि गरेको अनुरोध पर्याप्त समयरेखा हुने उल्लेख छ ।



विज्ञप्तिमा इराकी सरकारले इराकको अनुरोध र स्वतन्त्र रणनीतिक समीक्षा टोलीको सिफारिसको जवाफमा मे महिनाको अन्त्यसम्ममा संयुक्त राष्ट्र सुरक्षा परिषद्को प्रस्तावको अपेक्षा गरिएको जनाएको छ । इराकी सरकारको अनुरोधमा संयुक्त राष्ट्र सुरक्षा परिषद्को सन् २००३ मा स्थापना गरिएको युएनएएमआई विशेष राजनीतिक मिसन हो । समावेशी, राजनीतिक संवाद, राष्ट्रिय र सामुदायिक स्तरमा मेलमिलाप अगाडि बढाउनु, इराकको सरकार र जनतालाई सल्लाह, समर्थन र सहयोगको गर्नु यसको प्राथमिकता हो ।

यसले चुनावी प्रक्रियामा पनि सहयोग गर्ने, इराक र छिमेकीबीचको क्षेत्रीय संवादलाई सहज र मानव अधिकारको संरक्षण र न्यायिक र कानुनी सुधारको लागि प्रवर्द्धन गर्दै आएको छ ।

# भारतको जयपुरका विद्यालयमा बम विस्फोट गराउने धम्की

**सिन्ह्वा**

नयाँ दिल्ली । पश्चिमी भारतको जयपुर सहरमा कम्तीमा चार विद्यालयमा सोमबार बमको धम्की आएको छ । धम्कीपछि विद्यालय प्रशासनले विद्यार्थीहरू बाहिर निकालेको छ भने प्रहरीलाइ बोलाएको छ छ ।

इमेलमा प्राप्त धम्कीले विद्यालय परिसरमा विस्फोटक पदार्थ राखिएको दाबी गरेको थियो । प्रहरी कारबाहीमा उत्रिएको छ र खोजी गर्न विद्यालयमा धेरै बम डिस्पोजल स्क्वाड र स्निफर कुकुरहरू पठाएको छ ।तथापि अहिलेसम्म शङ्कास्पद केही पनि फेला परेको छैन । प्रहरीका अनुसार उक्त धम्की अफवाहजस्तो देखिन्थ्यो ।

जयपुरका पुलिस कमिश्नर बिजु जर्ज जोसेफले मिडियालाई चारदेखि पाँच विद्यालयमा बमको धम्की आएको जानकारी दिनुभयो । प्रहरी विद्यालयहरूमा पुगिसकेको छ । अन्तिम समाचार नआएसम्म विद्यालयमा खोजी



कार्य जारी रहेको थियो । इमेल प्रेषकको पहिचान गर्ने प्रयास भइरहेको प्रहरीले जनाएको छ ।आइतबार दिल्लीको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थल र राष्ट्रिय राजधानीका धेरै अस्पतालमा इमेलहरूमा बमको धम्की प्राप्त भएको थियो ।

यसै महिनाको सुरुमा भारतको राजधानी क्षेत्र दिल्लीका एक सयभन्दा बढी विद्यालयले यस्तै सन्देशहरू प्राप्त गरेका थिए । यसबाट ठूलो त्रास बढेको थियो ।सन् २०२३ डिसेम्बरमा दक्षिणी भारतीय सहर बेङ्गलुरूका दर्जनौं विद्यालयमा बमको धम्की प्राप्त भएको थियो । पछि ती धम्की अफवाह साबित भएको थियो ।

# बजेटमार्फत उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्ने विशेष कार्यक्रम ल्याइनेछ : प्रधानमन्त्री

चितवन । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र बजेटमार्फत उत्पादन वृद्धि तथा रोजगारी सिर्जना गर्ने विशेष कार्यक्रम घोषणा गरिने बताउनुभएको छ।

नारायणी नदीमाथि निर्माण हुने 'सिग्नेचर ब्रिज'को सोमबार शिलान्यास गर्नुहुँदै प्रधानमन्त्री दाहालले रोजगारी र उत्पादनसँग सम्बन्धित भएर एकीकृत आयोजना सञ्चालन गर्ने तयारीका साथ सरकार अगाडि बढेको बताउनुभयो । "पूर्वाधार विकाससँगै ग्रामीण अर्थतन्त्रको सवलीकरण, उत्पादकत्व वृद्धि र रोजगारी सिर्जनासँग सम्बन्धित भएर एकीकृत ढाँचाको परियोजना सञ्चालन गर्नु आजको राष्ट्रिय आवश्यकता हो", प्रधानमन्त्री दाहालले भन्नुभयो, "यही यथार्थलाई दृष्टिगत गरी सरकारले आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटमा उत्पादन र रोजगारीसम्बन्धी विशेष कार्यक्रम घोषणा गर्ने तयारी गरेको छ।"

सूचना प्रविधिको विकाससँगै विकासको परिभाषा, आवश्यकता र प्राथमिकतामा फेरबदल आएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले देशव्यापीरूपमा सडक सञ्जालको विस्तार भएसँगै आगामी दिनमा गुणस्तरता एवं दिगोपनलाई विशेष प्राथमिकता दिने बताउनुभयो । यातायात सेवालाई सहज तुल्याउने गरी काम गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्रीले सडक दुर्घटना न्यूनीकरणका निम्ति पूर्वाधार, सवारीसाधन र ट्राफिक प्रणालीमा सुधारलगायतका क्षेत्रमा ध्यान दिनुपर्ने बताउनुभयो।

प्रधानमन्त्री दाहालले यातायात पूर्वाधारले बहुर्राष्ट्रिय कम्पनीबाट उत्पादित वस्तुहरू दूरदराजमा पुऱ्याउने तर दूरदराजको उत्पादन प्रणाली कमजोर भई ग्रामीण अर्थतन्त्र शिथिल हुने चुनौतीलाई समेत सम्बोधन गर्नुपर्ने दायित्व रहेको उल्लेख गर्नुभयो।



"पूर्वाधार विकाससँगै ग्रामीण अर्थतन्त्रको सवलीकरण, उत्पादकत्व वृद्धि र रोजगारी सिर्जनासँग सम्बन्धित भएर एकीकृत ढाँचाको परियोजना सञ्चालन गर्नु आजको राष्ट्रिय आवश्यकता हो ।"
–प्रधानमन्त्री दाहाल

"देशभित्रै सम्भव छ, गरे सकिन्छ", उहाँले भन्नुभयो । प्रधानमन्त्री दाहालले तुलनात्मक अध्ययन नै नगरी देशमा केही हुँदैन भन्ने नकारात्मक भाष्य सिर्जना गर्नु गलत भएको बताउनुभयो। "विकासक्रमलाई गणतन्त्रअघि र गणतन्त्रपछिको अवस्थासँग तुलना नगर्ने तर अति विकसित र विकसित मुलुकसँग तुलना गरेर 'नेपालमा केही भएन' भन्ने नकारात्मक भाष्य निर्माण गर्न खोजिएको छ", उहाँले भन्नुभयो, "नेपालको पछिल्लो विकासलाई ठीक ढङ्गले अध्ययन र विश्लेषणका आधारमा 'देशभित्र सम्भव छ', 'गरे सकिन्छ' भन्ने सकारात्मक चिन्तन र ऊर्जाको विकास गर्न जरूरी छ।"

पछिल्लो राजनीतिक परिवर्तनपछि नेपालमा सडक सञ्जालको विस्तार चमत्कारिक हिसाबले अगाडि बढेको उल्लेख गर्दै प्रधानमन्त्रीले ९० प्रतिशतभन्दा बढी सडक प्रयोगकर्ताहरू आफ्नो बासस्थानबाट एक घण्टाको पैदल यात्रामा पुग्नसक्ने अवस्था सिर्जना भएको बताउनुभयो । "राजतन्त्रकालको २५० वर्ष र गणतन्त्रकालको दुई दशकको तुलनात्मक अध्ययन गर्ने जो-कोहीले भन्न सक्छ-२५० वर्षमा भन्दा कैयौं गुणा बढी विकास पछिल्लो दुई दशकमा भएको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "सडक पूर्वाधार, शिक्षा, स्वास्थ्य, सञ्चार, खानेपानी, विद्युत्‌जस्ता भौतिक पूर्वाधारको विकास एवं सामाजिक सुरक्षा, सेवा प्रवाह, सेवाको सरलीकरण र प्रभावकारितालगायतका मानवीय विकासका क्षेत्रमा समेत नेपालले राम्रो प्रगति गरिरहेको छ।"

सडक विभागले नेपाल सरकारको अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजनाका आधारमा सडक पूर्वाधारमा सकारात्मक पहल लिँदै आएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले चालु आर्थिक वर्षमा मात्र एक सय ४९ भन्दा बढी पुल निर्माण गरिसकेको बताउनुभयो । "काठमाडौंको नागढुङ्गा सडकको सुरूङमार्गको 'ब्रेकथ्रु' भएको छ, त्यसैगरी बहुउद्देश्यीय मरिन डाइभर्सन परियोजनाको पनि भर्खरैमात्र 'ब्रेकथ्रु' गरिएको छ", उहाँले भन्नुभयो, "यसले देश सुरूङयुगमा प्रवेश गरेको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सन्देश दिनुका साथै सन् २०२६ सम्म नेपाल विकासशील मुलुकमा फड्को हान्ने लक्ष्यमा सकारात्मक योगदान पुऱ्याएको छ ।" अहिले सडक विभागअन्तर्गत काठमाडौंको ग्वार्कोमा 'फ्लाइओभर'को निर्माणकार्य भइरहेको र पृथ्वी राजमार्गको मादी, सेती नदी लगायतका नदीहरूमाथि 'सिग्नेचर' पुलहरू निर्माण भइरहेका प्रधानमन्त्री दाहालको भनाइ छ।

पूर्वपश्चिम राजमार्गको मध्यभागमा रहेको भरतपुर महानगरपालिका र गैंडाकोट नगरपालिका जोड्ने 'सिग्नेचर ब्रिज' निर्माण भएपछि राजमार्गको सवारी चाप व्यवस्थित हुने प्रधानमन्त्री दाहालले विश्वास व्यक्त गर्नुभयो । "सवारी चाप सम्बोधन हुनेछ, यसले सवारी समयको बचत हुनेछ। सबैभन्दा महत्वपूर्ण यसको निर्माणसँगै सडकको 'कार्यक्षमता' वृद्धि हुनेछ", उहाँले भन्नुभयो, "यस परियोजनाको सम्बन्ध सडक पूर्वाधार र यातायातसँग मात्र सम्बन्धित नभएर पर्यटन प्रवर्द्धन, स्थानीय अर्थतन्त्रको विकास एवं रोजगारी सिर्जनामा मद्दत पुग्नेछ।"रासस

# उद्योगमन्त्री भण्डारीसँग चिनियाँ लगानीकर्ताको भेट




काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसँग चिनियाँ लगानीकर्ताले सोमबार भेट गरेका छन् ।

मन्त्रालयमा भएको भेटमा मन्त्री भण्डारीले चिनियाँ लगानीकर्तालाई नेपालमा लगानीमैत्री वातावरण रहेकाले उद्योग तथा व्यवसाय खोल्न आग्रह गर्नुभयो । मन्त्री भण्डारीले भन्नुभयो, "तपाईंहरु लगानी गर्नुस, सरकार लगानीको वातावरण बनाउन तयार छ, केही कानुनी जटिलता हटाएका छौं, फेरि पनि कुनै समस्या भए सरकारले सहज वातावरण बनाउँछ ।"नेपालमा लगानी गर्ने उत्साहका साथ आएको चिनियाँ उद्योगी तथा व्यवसायीको टोलीसँग उहाँले चिनियाँ पुँजी र प्रविधि भित्र्याउन सरकार आतुर रहेको बताउनुभयो ।

"लगानी गर्ने मनसायले नेपाल आउनुभएको छ, सरकारका तर्फबाट धन्यवादसहित म हार्दिक स्वागत गर्छु, प्रस्ताव ल्याउनुस् छलफल गर्छौं, अनुकुल वातावरण मिलाउँछौं, ढुक्कले लगानी गर्नुस्, प्रतिफल तपाईंहरुले राम्रै पाउनुहुन्छ ।"नेपालमा विदेशी लगानीको वातावरण बन्दै गएको उल्लेख गर्दै मन्त्री भण्डारीले नेपाल र चीनबीचको सम्बन्ध थप उचाइमा पुग्ने विश्वास गर्नुभयो । उहाँले भन्नुभयो, "तपाईंहरु लगानी गर्ने मनसायले आउनुभएको छ, यसले हामीलाई पनि उत्साहित बनाएको छ, लगानी भित्रिएपछि झन उत्साहित बनाउँछ, चाँडै लगानीको पर्खाइमा हामी छौं ।"

सो क्रममा वाणिज्य सचिव दिनेशकुमार घिमिरेले नेपाल र चीनबीच सदियौंदेखिको व्यापार सम्बन्ध रहेको उल्लेख गर्दै नेपालमा लगानी गर्ने मनसायले आएकामा चिनियाँ टोलीसँग खुसी व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "सरकारले नेपालमा लगानीका लागि नीतिगत सुधार गर्दै लगेको छ, नेपालमा खानी, ऊर्जा, पर्यटनलगायतका क्षेत्रमा लगानीको प्रशस्त सम्भावना छ, लगानीको सम्भावना सुनिश्चित छ ।" चिनियाँ टोलीमा चीनका कृषि, ऊर्जा, पर्यटन, खानी, निर्माणसम्बन्धी कम्पनीलगायतका उद्योगी तथा व्यवसायी सहभागी थिए ।रासस

# विषादी प्रयोगबारे सचेत बन्दै किसान

टीकापुर । रासायनिक मलको प्रयोगले मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल प्रभाव पार्ने भएकाले कैलालीका किसान जैविक विषादीको प्रयोग गर्न थालेका छन्। कैलालीका किसानले रोग कीरा नियन्त्रण गर्न रासायनिक विषादीको साटो जैविक विषादीको प्रयोग गर्न थालेका हुन् ।

विगतमा तरकारीमा कीरा लागेमा रासायनिक विषादी प्रयो गर्ने किसान आजभोलि स्वास्थ्य, वातावरण र माटो सुरक्षाका लागि सचेत बन्न थालेका छन्। तरकारी तथा अन्नबालीमा रोग कीरा लाग्यो की बजारबाट रासायनिक विषादी ल्याएर प्रयोग गर्ने गोदावरी नगरपालिका-४ बास्कोटाकी दुर्गा मल्ल आजभोलि घरमै जैविक विषादी बनाएर प्रयोग गर्ने गरेको बताउनुहुन्छ। "बाली बिरुवामा विनाशकारी कीरा, सुलसुले, जुका, चिप्लेकीरा, शङ्केकीरा, मुसा, चरा, अवान्छित झार तथा रोग सार्ने सूक्ष्म जीवाणु ढुसी, ब्याक्टेरिया, भाइरसलगायतको समस्या रहन्छ", उहाँ भन्नुहुन्छ, "विगतमा यी प्राणीलाई नाश गर्न रासायनिक विषादी प्रयोग गर्ने गरिन्थ्यो, आजभोलि घरमै बनाएर जैविक विषादी प्रयोग गर्ने गरेका छौं।"

गोदावरी-४ खैरानाकी रेश्मीदेवी चौधरीले रोग कीरा लाग्यो की आफ्नै घरमा बनाएको जैविक विषादी प्रयोग गर्नुहुन्छ। "रासायनिक विषादीले गर्ने असरबारे जानकार थिइनँ, त्यसैले जथाभावी प्रयोग गरिरहेकी थिएँ", रेश्मीदेवीले भन्नुभयो, "आजभोलि विषादी प्रयोगबारे सचेत भएकी छु । विषादी प्रयोगमा सावधानी नअपनाएमा वा उचित रुपमा उपयोग नगरिएमा यसले उपयोगकर्ता, मानिस, घरपालुवा पशु, वन्यजन्तु र लाभकारी कीरालाई समेत हानी पुऱ्याउँछ भनेर घरमै बनाएको विषादी प्रयोग गर्न थालेकी हुँ।"



किसानले जैविक विषादीका साथै मोहनी पासोसमेत थापेर कीरा नियन्त्रण गर्ने अभ्यास गरिरहेका छन् । यसले पनि बारीमा लगाएको बाली बचाउन सकिने उनीहरु बताउँछन् । "जैविक विषादी तथा विभिन्न किसिमका पासोहरु थापेर कीरा नियन्त्रण गर्न सकिएन भने मात्र अलिकति रासायनीक विषादी प्रयोग गर्छौं, नभए गर्दैनौं", चुरे गाउँपालिका-३ काफल गैराका तेजबहादुर बोहराले भन्नुभयो, "जैविक विषादी प्रयोग गर्नु मानव स्वास्थ्यका लागि राम्रो हो। लामो र स्वस्थ जीवनका लागि जैविक विषादीको प्रयोग गर्नुपर्छ।"

जैविक विषादी खर्चका हिसाबले पनि राम्रो, मानव स्वास्थ्यलाई पनि हानी नगर्ने हुँदा जैविक विषादी प्रयोग गर्ने गरेको काफल गैराकै किसान मीनबहादुर शाहीको भनाइ छ। "मोहनी पासो र फेरोमन ट्र्यापलगायतका प्रविधि कीरा नियन्त्रणमा प्रयोग गरिरहेको छु", उहाँले भन्नुभयो, "तरकारीमा किसानले नजानेर धेरै विषादी प्रयोग गर्ने रहेछन्, यसबाट मानव स्वास्थ्य सङ्कटमा पर्छ।"सहजपुरका किसान डबलबहादुर खडायत पनि २०५८ सालदेखि तरकारी तथा फलफूल खेती गरिरहनुभएको छ । उहाँले पहिले तरकारी तथा फलफूल खेतीमा रोग, कीरा लागेमा रासायनिक विषादी किनेर प्रयोग गर्नुहुन्थ्यो । तर अहिले उहाँले जैविक विषादीबाहेक आफ्नो बारीमा अरु विषादी प्रयोग गर्नुहुन्न ।

"घर वरिपरि पाइने झारपातको प्रयोग गरेर विषादी बनाउँछु", उहाँ भन्नुहुन्छ, "गाउँघरमा अहिले किसानले रासायनिक विषादी प्रयोग गर्न थाले यो नराम्रो हो भनेर सिकाउन समेत थालेको छु। रासायनिक विषादी प्रयोगले फाइदाको साटो बेफाइदा गरिरहेको छ ।"कैलालीको चुरे गाउँपालिकाले पनि रासायनिक विषादीको साटो जैविक विषादी प्रयोगमा किसानलाई प्रोत्साहन गरिरहेको छ। जैविक विषादीबारे पालिकाका सबै किसान जानकार भएमा सहज हुने चुरे गाउँपालिका कृषि शाखा प्रमुख दीपक पाण्डे बताउनुहुन्छ। रासायनिक विषादीका असर धेरै रहेकाले किसानलाई सचेत गराउन थालिएको उहाँ बताउनुहुन्छ।

"पालिकाले रासायनीक विषादीको साटो जैविक विषादीमा जोड दिइरहेको छ । जैविक विषादीको फाइदा धेरै भएकाले यसको प्रयोग बढाउन किसानलाई सुझाव छ", प्रमुख पाण्डे भन्नुहुन्छ, "जैविक विषादी शत्रुजीवलाई मार्न प्रयोग गरिने जैविक वस्तु हुन् ।रासस

# अर्थमन्त्री पुनद्वारा साझेदारहरुसँग छलफल

काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट निर्माणका सम्बन्धमा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधिसँग छलफल गर्नुभएको छ।

सोमबार अर्थ मन्त्रालयमा भएको छलफलमा विश्व बैङ्क, एसियाली विकास बैङ्क (एडिबी), अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) र अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी) लगायत बहुपक्षीय विकास साझेदार तथा अन्तर्राष्ट्रिय विकास नियोगहरु स्विट्जरल्याण्ड, डेनिश, फिनल्यान्ड, दक्षिण कोरिया, जापान, बेलायत र युरोपियन युनियनका आवासीय राजदूत तथा ती देशसम्बद्ध द्विपक्षीय विकास साझेदार संस्थाका प्रमुख र प्रतिनिधिहरुको उपस्थिति रहेको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ।



छलफलका क्रममा अर्थमन्त्री पुनले आगामी आर्थिक वर्षको बजेटका प्राथमिकता र सिद्धान्तलगायत विषयमा धारणा राख्नुभएको थियो । अर्थमन्त्री पुनले नेपालको विकासका लागि प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) भित्र्याउन तथा निजी क्षेत्रका लागि अनुकूल लगानीयोग्य वातावरण बनाउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो । सरकारले निर्धारण गरेका विकास लक्ष्य हासिल गर्न आन्तरिक स्रोत परिचालन मात्र पर्याप्त नभएकाले वैदेशिक लगानी वा सहायतामा जोड दिनुपर्ने अवस्थामा नेपाल रहेको अर्थमन्त्री पुनको भनाइ थियो।

सरकार विकासका लाभहरु सबै जनतामा पुग्ने गरी समावेशी, समतामूलक र दिगो विकासको पक्षमा रहेको पनि अर्थमन्त्री पुनले उल्लेख गर्नुभयो । "सरकार समावेशी, समतामूलक र दिगो आर्थिक विकासमा केन्द्रित छ। नेपाली जनताको जीवन र जीविकोपार्जनमा परिवर्तन ल्याउन तथा विकासका लाभ सबैले बराबर उपभोग गर्न पाउनुपर्छ भन्ने मान्यतामा हामी अघि बढेका छौं", उहाँले भन्नुभयो।

नेपालले सन् २०२६ सम्ममा अल्पविकसित मुलुकबाट विकासशील मुलुक (एलडिसी ग्राजुएसन), २०३० सम्ममा दिगो विकास लक्ष्य (एसडिजी), २०३५ सम्ममा हरित, उत्थानशील र समावेशी विकास (ग्रिड) र नेपाली अर्थतन्त्रका सबै क्षेत्रलाई कार्बनरहित बनाउने उद्देश्यसहितको राष्ट्रिय जलवायु योजना (एनडिसी) लक्ष्य प्राप्तिका लागि आवश्यक रणनीति निर्धारण गरी काम अघि बढाइएको अर्थमन्त्री पुनले बताउनुभयो। ती उद्देश्य हासिल गर्न ठूलो लगानी चाहिने उनले पनि अर्थमन्त्री पुनको भनाई छ। "यी महत्वाकाङ्क्षी विकास लक्ष्य हासिल गर्न हामीलाई ठूलो लगानी चाहिन्छ । त्यसका लागि सरकारी स्रोत मात्र पर्याप्त नभएका कारण हामी विकास साझेदारहरुसँग यी मुद्दाहरुमा हातेमालो गर्न चाहन्छौं," अर्थमन्त्री पुनले भन्नुभयो ।रासस


# नयाँ केन्ट सुप्रीम कपर आर.ओ.नेपाली बजारमा

**टुडे समाचारदाता**

जनकपुरधाम । ई.ओ.एल.प्रा.लि.चौधरीग्रुपको इलेक्ट्रोनिक्स विभाग अन्तर्गतको सब्सिडी कम्पनी, सबैभन्दा धेरै बिक्री हुने आर.ओ. वाटर प्युरिफायर ब्रान्डको एकमात्र आधिकारिक वितरकले तामायुक्त केन्ट सुप्रीम कपर मोडल नेपालमा ल्याएको छ।

समय सँगै पानीको गुणस्तर खस्कँदै गएको छ र यहीकारण हो कि आजभोलि लगभग हरेक घरमा पानी प्युरिफायर चाहिने भएको छ । यसको प्राथमिक कार्य भनेको पानीमा रहेको अशुद्धतालाई कीटाणु शोधनगरी मानव उपभोगकोलागि शुद्ध र स्वस्थ बनाउनु हो। शुद्धपानीको बारेमा कुरा गर्दा, आजभोलि कपर आर.ओ.पानी धेरै स्वास्थ्यलाभहरूको कारण मानिसहरूले व्यापकरूपमा रुचाउने गरिएको छ । यसको योग्यतालाई ध्यानमा राख्दै केन्टल शुद्ध र स्वस्थ पिउने पानी उपलब्ध गराउन सक्रियतामा सहितको आर.ओ.वाटरप्युरिफायर ल्याएको छ।

अशुद्ध पानी उपभोग गर्दा हानिकारक स्वास्थ्य प्रभावहरू र घातक पानीजन्यरोगहरू पनि निम्त्याउन सक्छ, त्यसैले केन्टले सक्रियतामाकोसाथ आर.ओ.केन्ट सुप्रीम कपर वाटर प्युरिफायर प्रस्तुत गरेको छ। केन्ट सुप्रीम कपर (आर.ओ. + यु.भी. + यु.एफ. + कपर + टि.डि.एस.कन्ट्रोल) प्रविधि भएको वाटर प्युरिफायर हो । भित्तामा झुन्ड्याउन मिल्ने आकर्षक डिजाइनको साथ साथै यो प्युरिफायरमा आर.ओ.प्रविधि छ जसले स्वस्थ र शुद्धपानी उपलब्ध गराउन आवश्यक प्राकृतिक खनिजहरू यथावत राख्दछ । साथै, यसको भण्डारण ट्याङ्कीमा पानीलाई ब्याक्टेरिया-मुक्त राख्न र शुद्धगर्नकोलागि यु.भी.एल.ई.डी.लाइट पनि हुन्छ। यो स्मार्ट आर.ओ.वाटर प्युरिफायरमा तामा पनि हुन्छ।




तामा सहितको पानी पिउनाले प्रतिरक्षा र समग्र कल्याण बढाउँछ भने मानव शरीरको बलियो प्रतिरक्षा प्रणालीकोलागि पर्याप्त तामाको आवश्यक छ ।केन्ट कपर+आर.ओ.ले पानीलाई ९९.८ % शुद्ध तामाले समृद्ध बनाउँदछ, प्रतिरक्षा बलियो बनाउँदछ, रोगहरूबाट बचाउँदछ। त्यसैगरि मेटा बोलिजम बढाउन मद्दत गर्दछ भने कपर-इन्फ्युजगरिएको पानीले मेटाबोलिजम र क्यालोरीबर्न गर्न मद्दत गर्दछ। तामाले ऊर्जाकोलागि बोसोको शिकाहरू तोड्न महत्त्वपूर्ण भूमिका खेल्छ, यसलाई स्वस्थ चयापचयको लागि महत्त्वपूर्ण बनाउँछ । केन्टकपर+आर.ओ.को साथ, दैनिक २ लिटर तामा चार्ज गरिएको पानी खपतगर्नाले तामाकोलागि सिफारिस गरिएको दैनिक आवश्यकताको सम्म पूरा गर्न सक्दछ।

यसैगरि पाचन सुधार गर्ने जसअन्तरगत तामाको पानीले खानाका कणहरूलाई टुक्र्याउन, पाचन शक्ति बढाउन र पाचनप्रणालीको उचितकार्यलाई समर्थन गर्न मद्दत गर्दछ । यसले कलेजो र मृगौलाद्वारा आवश्यक पोषक तत्वहरूको अवशोषणलाई पनि बढावा दिन्छ । केन्टकपर+आर.ओ.ले दिनभरितामा-समृद्ध पानी उपभोगगर्न अनुमति दिन्छ । तामा सहितको पानी पिउनाले मस्तिष्क कार्यलाई बढाउन मद्दत गर्दछ भने अप्टिमल मस्तिष्क कार्यकोलागि तामा महत्त्वपूर्ण हुन्छ साथै केही सिक्न, मेमोरी र सिग्नल प्रसारणमा सहयोग गर्दछ । यसले मस्तिष्कको प्रतिरक्षा प्रणालीलाई समर्थन गर्दछ र मस्तिष्क कोशिकाहरूलाई ऊर्जा प्रदान गर्दछ । अत्यावश्यक खनिजहरूको साथसाथै तामाको सहीमात्राको सेवनले मस्तिष्कको उत्पादकता र रचनात्मकता बढाउँदछ। त्यसैगरि वजन घटाउन समर्थन गर्दछ । तामाले भरिएको पानी पिउनाले बोसो घटाउन र पाचन क्षमतामा सुधार गरेर प्राकृतिक तौल घटाउन मद्दत गर्दछ। यसले विषाक्त पदार्थहरू हटाउन मद्दत गर्दछ र समग्रमा स्वस्थ भावनालाई जगाउँदछ।

# प्लाष्टिकका झोला प्रयोगकर्ता तथा उत्पादकलाई जरिवाना

तनहुँ । तनहुँको व्यास नगरपालिकाले प्लाष्टिकजन्य निषेधित वस्तु प्रयोग गर्ने प्रयोगकर्ता, बिक्रेता र उत्पादकलाई जरिवानाको व्यवस्था गरेको छ।

नगरपालिकाले प्लाष्टिकजन्य निषेधित वस्तु प्रयोगमा रोक लगाउने अभियान सञ्चालनका लागि सम्पूर्ण तयारी भइसकेको जनाउँदै प्रयोग गर्ने/गराउनेले जरिवाना गरिने जनाएको छ ।आगामी जेठ १ गते (मङ्गलबार)देखि व्यास नगरपालिकालाई प्लाष्टिक झोलामुक्त घोषणा गरिँदै छ । सो दिनपछि प्लाष्टिक झोला प्रयोगकर्तादेखि उत्पादकसम्मलाई जरिवाना शुल्क निर्धारण गरिएको नगरपालिकाका वन तथा वातावरण समिति संयोजक रनसिं नेपालीले जानकारी दिनुभयो।

उहाँका अनुसार यही वैशाख २३ गते कार्यपालिकाले 'व्यास नगर प्लाष्टिकजन्य वस्तु प्रतिबन्धसम्बन्धी कार्यविधि-२०८१' पारित गरिसकेको छ । प्लाष्टिकका झोला प्रयोगकर्तालाई प्रथम पटक रु १०, दोस्रो पटक रु ५० जरिवाना शुल्क तोकिएको नेपालीले बताउनुभयो । प्लाष्टिक झोला बिक्रेतालाई प्रथम पटक रु पाँच सय, दोस्रो पटक रु एक हजार र तेस्रो पटकदेखि हरेक पटक रु तीन हजारका दरले जरिवाना हुने व्यवस्था गरिएको उहाँको भनाइ छ। रासस

# खोला दोहनले संकट

**'३ फिटभन्दा गहिराइमा खन्न नपाउने सम्झौतामा व्यवस्था छ तर, खोलामा १० फिट गहिराइमा उत्खनन् भइरहेको छ,' वडाध्यक्ष खरेलले भने, 'पालिकाले लगाएको ठेक्काको परिमाण त ठेकेदारले एक/डेढ महिनामा निकालिसक्यो, अहिले खोलामा कहालिलाग्दो ढङ्गले उत्खनन् भइरहेको छ ।'**

**टुडे समाचारदाता**

कलैया । बारामा मापदण्ड विपरीत खोला दोहन हुँदा सरोकारवाला निकाय मौन देखिएका छन् । ठेकेदारहरूले मनोमानी ढङ्गबाट ठूला-ठूला खाडल हुने गरी खोला दोहन गर्दा यस वर्ष जिल्ला समन्वय समिति, सुरक्षा निकाय, डिभिजन वन कार्यलय र स्थानीय तह लगायत सरोकारवाला सबै निकाय मौन देखिएका छन् ।



जिल्लाको १६ वटा पालिकामध्ये जीतपुरसिमरा उपमहानगरले दुधौरा, बालगंगा, पसाहा, निजगढ नगरपालिकाले बकैया, भक्तलाल, शक्ति खोला र कोल्हवी नगरपालिकाले बकैया खोलाको तल्लो भागको उत्खनन् ठेक्का लगाउँदै आएका छन् ।

चालु आर्थिक वर्षका लागि जीतपुर सिमराले १० करोड ५६ लाखमा ८२ लाख ४० हजार ३७६ घनफिट, निजगढ नगरपालिकाले ८ करोड २८ लाख २९ हजारमा ७० लाख ६ हजार ६६८ घनफिट र कोल्हवी नगरपालिकाले २ करोड ९१ लाखमा २८ लाख घनफिटको उत्खनन् ठेक्का लगाएका छन् ।

पालिकाहरूले लगाएको ठेक्कामा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा तोकिएको परिणामभन्दा तीन गुणा बढी उत्खनन् भएको सरोकारवाला निकायहरूले जनाएका छन् ।

बालगंगा र पसाहा खोलासँग जोडिएको जीतपुरसिमरा वडा नं १६ का वडाध्यक्ष हरिदेव खरेलले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनका आधारमा पालिकाले राजस्व सङ्कलनको हेतुले लगाएको ठेक्कामा ठेकदारहरूले तीन गुणाभन्दा बढी उत्खनन् गरेको आरोप लगाएका छन् ।

'३ फिटभन्दा गहिराइमा खन्न नपाउने सम्झौतामा व्यवस्था छ तर, खोलामा १० फिट गहिराइमा उत्खनन् भइरहेको छ,' वडाध्यक्ष खरेलले भने, 'पालिकाले लगाएको ठेक्काको परिमाण त ठेकेदारले एक/डेढ महिनामा निकालिसक्यो, अहिले खोलामा कहालिलाग्दो ढङ्गले उत्खनन् भइरहेको छ ।'

वडाध्यक्ष खरेलले यस वर्ष अनुगमन समिति कुनै खोलाको अनुगमनमा नदेखिनुले मिलेमतोको आशङ्का उब्जिएको बताए ।

स्थानीय पालिकाहरूले लगाएको नदीजन्य पदार्थ उत्खनन् ठेक्कामा अनुगमनको मुख्य जिम्मेवारी जिल्ला समन्वय सिमितिको हुने गर्दछ । सो समितिमा समन्वय प्रमुख अध्यक्ष, र सदस्यहरूमा प्रमुख जिल्ला अधिकारी, डिभिजन वन अधिकृत, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका प्रहरी उपरीक्षक र स्थानीय पालिकाको प्रतिनिधि हुने गर्दछन् ।

वडाध्यक्ष खरेलले बालगंगा खोलामा १० फिट गहिराइसम्म उत्खनन् भएको भन्दै केही दिनअघि डिभिजन वन अधिकृत विनोद सिंहसँग गुनासो गरेका थिए । वडाध्यक्षको गुनासोपछि सिंहले बालगंगा खोलाको अनुगमन गरेर मापदण्ड विपरीत वन क्षेत्रमा उत्खनन् गरेको भेटिए तत्काल कारबाही गर्न आफ्ना कर्मचारीलाई निर्देशन दिएका थिए ।

'हामीले ३ वटै पालिकाका प्रमुखहरूलाई पत्र पठाएर मापदण्ड विपरीत उत्खनन् भए कारबाही गर्न भनेका थियौं, तर पालिकाको तर्फबाट कुनै जवाफ आएन,' डिभिजन वन अधिकृत सिंहले भने, 'हामीले वातावरणीय प्रभाव मूल्याङ्कन गरेर वैधानिक हिसाबले दियौं, यसलाई नियमन गर्ने निकाय भनेको नगरपालिका हो तर वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने, अनि दिन दुईगुणा, रात चौगुणा पनि खन्ने ! यो प्रकृतिमाथि ठूलो अन्याय हो ।'

जीतपुरसिमरा जस्तै कोल्हवी नगरपालिका अन्तर्गतको बकैया खोलामा एकैपटक ६ वटासम्म एस्काभेटर चलेको स्थानीयहरूबाट गुनासो आएको छ ।

कोल्हवी नगरपालिकाका प्रमुख रामप्रसाद चौधरीले खोलामा ६ एस्काभेटर चलेको गुनासो आउनासाथ ठेकदारलाई सचेत गराएको दाबी गरेका छन् ।

'मकहाँ पनि खोलामा ५/६ वटा एस्काभेटर चलेको सूचना आएको थियो, त्यसलगत्तै मैले ठेकेदारलाई बोलाएर सचेत गराइसकेको छु,' नगरप्रमुख चौधरीले भने ।

जीतपुरसिमरा र कोल्हवीजस्तै यता निजगढ नगरपालिकाले लगाएको खोलाको ठेक्कामा बकैया खोलाबाट मात्रै दैनिक २०० देखि २५० टिपर नदीजन्य पदार्थ उत्खनन् भइरहेको निजगढका सामाजिक अभियन्ता रविराज दंगालले बताए ।

निजगढले ठेक्का लगाएको बकैया, भक्तलाल र धन्सार खोलामध्ये बकैया खोलाबाट तोकिएकोभन्दा ठूलो परिमाणमा नदीजन्य पदार्थ उत्खनन् भएको जनाइएको छ ।

'नगरपालिकाले बकैया, भक्तलाल र शक्ति खोलाको ठेक्का लगाए पनि ढुवानी खर्च धेरै पर्ने भएकाले बकैया खोलाबाट मात्रै ठूलो परिमाणमा उत्खनन् भइरहेको छ,' दंगालले भने ।

जिल्लामा उत्खनन् हुने ३ वटा पालिकाको ७ वटा खोलामध्ये केही खोलामा निवर्तमान पालिका प्रमुख, अनुगमन समितिकै पदाधिकारीहरू ठेकेदारसँग सेयर सदस्य रहेको श्रोतले जनाएको छ । अनुगमन गर्ने निकाय नै उत्खननमा लागेपछि यस वर्ष अनुगमन शून्य प्रायः देखिएको छ ।

वडाध्यक्ष खरेलले ठेकदारहरूले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेखित क्षेत्रबाहिर वन क्षेत्रमा जथाभावी उत्खनन् भइरहेको बताए । 'कानुनले अनुगमन गर्ने जिम्मेवारी दिएका सबै मान्छे चुप भएको अवस्थामा स्थानीय जनतामात्रै बोल्नसक्ने अवस्था छैन, ठेकेदारहरूले जथाभावी खन्दा अनुगमन समिति मौन बस्नु शङ्कास्पद देखिएको छ,' उनले भने ।

बाराका प्रमुख जिल्ला अधिकरी शशीधर घिमिरेले स्थानीय तहले राजस्व सङ्कलनको नाममा मनोमानी ढङ्गले लगाएको ठेक्कामा मापदण्ड पालना गराउन धेरै समस्या भएको गुनासो गरे । 'मापदण्ड विपरीत उत्खनन् भएको गुनासो आएकाले हामीले नियमअनुसार जरिवाना गरेर पठाउन पालिकाहरूलाई पत्राचार गरेका थियौं तर कुनै पालिकाले हाम्रो पत्रको जवाफ पठाएनन्,' प्रजिअ घिमिरेले भने, 'पालिकाहरूले पनि राजस्व सङ्कलनको नाममा जथाभावी ठेक्का लगाएर ठेकेदारलाई कानुन विपरीत खन्न प्रोत्साहन गर्न भएन ।'

# मधेश प्रदेशमा सरकार गठनका लागि दौडधुप तीव्र

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारबाट नेकपा एमाले र माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि नयाँ सरकार गठनका लागि दौडधुप तीव्र भएको छ ।

जनता समाजवादी पार्टी( जसपा)नेपाललाई दिएको समर्थन फिर्ता लिएसँगै एमाले र माओवादी केन्द्रले सरकारबाट केही महिना पूर्व नै अलग भएका जनमत पार्टी र गत ४ गते अलग्गिएको लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा)सित संयुक्त बैठक गरेका थिए ।

सो बैठकपछि सार्वजनिक भएको तस्बीरमा एमाले, माओवादी, लोसपा र जनमत पार्टीबीच नयाँ सरकार गठनका लागि सहमति जुटेको सन्देश थियो ।

तर तत्कालै लोसपाको केन्द्रीय र प्रदेश समितिले कुनै गठबन्धन नभएको र राजनीतिक घटनाक्रमलाई नजिकबाट नियालिरहेको धारणा सार्वजनिक गरेको थियो ।

मधेश प्रदेशमा सरकारलाई जोगाउन जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले लोसपाका अध्यक्ष महन्थ ठाकुरसित सोमवार उनकै निवासमा पुगेर आग्रह गरेका थिए । तर ठाकुरले सकारात्मक जवाफ नदिए पनि मधेश प्रदेशमा मधेश केन्द्रित दलकै नेतृत्वमा सरकार गठनका लागि पहल गर्ने बताएको ठाकुर निकट नेताहरुले जनाएका छन् ।

मुख्यमन्त्री सरोज कुमार यादवले सरकारलाई निरन्तरता दिन, प्रतिपक्षी नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णा यादव, एमाले संसदीय दलका नेता सरोज यादव, माओवादी केन्द्र संसदीय दलका नेता भरत साह सरकारको नेतृत्व पाउन दौडधुपमा छन् ।

> मुख्यमन्त्री सरोज कुमार यादवले सरकारलाई निरन्तरता दिन, प्रतिपक्षी नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णा यादव, एमाले संसदीय दलका नेता सरोज यादव, माओवादी केन्द्र संसदीय दलका नेता भरत साह सरकारको नेतृत्व पाउन दौडधुपमा छन् ।

मधेश प्रदेश संसदीय दललाई गठबन्धन गर्ने अधिकार केन्द्रले दिएको छैन् । केन्द्रमा शीर्ष नेताहरुले गर्ने तालमेलकै आधारमा प्रदेशमा सत्ता समीकरण निर्माण हुँदै आएको छ ।

प्रदेशमा संसदीय दलको बैठक भए पनि केन्द्रीय निर्देशन अनुसार नै निर्णय हुने गरेको छ । माओवादी दलका नेता भरत साहले भारतको सुरसण्डमा बनेको गठबन्धनले मुख्यमन्त्रीमा प्रस्ताव गरेकाले सोही अनुसारको गठबन्धन हुनुपर्नेमा जोड दिँदै आएका छन् । राजनीतिक परिस्थिति फेरिएकाले ठूलो दलको हैसियतमा एमालेले मुख्यमन्त्री पाउनुपर्ने दलका नेता सरोज यादवको दाबी छ ।

मधेश प्रदेशमा मधेश केन्द्रित दलको नेतृत्वमा सरकार बन्नुपर्ने र आफ्नो बटमलाईन नै मुख्यमन्त्री रहेको जनमत पार्टीको अडान कायमै छ । लोसपा र नेकपा एसले मुख्यमन्त्रीमा दावी गरेका छैनन् ।

तर सरकार गठनमा लोसपा र नेकपा एसको भूमिका महत्वपूर्ण छ । लोसपाले जसपा नेपाललाई साथ दिए यादव नेतृत्वको सरकारले निरन्तरता पाउने छ ।

# सुन्दर सदनमा जानकी महोत्सव




**टुडे समाचारदाता**

जनकपुरधाम । जगतजननी जानकीको प्रकाट्य उत्सव जानकी नवमी महोत्सवको अवसरमा अग्नि कुण्डस्थित सुन्दर सदनमा विशेष महोत्सवको आयोजना गरिएको छ ।

पोखरीमा निर्माण गरिएको चलायमान पण्डालमा रामायण पाठ, भजनकीर्तन लगायतका धार्मिक कार्यक्रमहरु गत बिहीबारदेखी नै भइरहेको छ । जेठ ४ गते सम्म चल्ने जानकी नवमी महोत्सवमा सहभागिता जनाउन भारतका ख्याती प्राप्त सन्त रामभद्राचार्य पनि सुन्दर सदन पुगेका थिए ।

राजा जनकले हलो जोत्ने क्रममा सीता प्रकट भएको धार्मिक मान्यता अनुरुपको कलात्मक मूर्ति निर्माण गरिएको छ ।

हिन्दू धर्मग्रन्थहरुका अनुसार सीताको निवास स्थल अग्नि कुण्डको सुन्दर सदन रहेको थियो । सुन्दर सदनमा रामजानकी विवाह महोत्सव पनि भव्यताका साथ आयोजना गरिन्छ ।

सुन्दर सदनका महन्त नवलकिशोर शरणले जनाए अनुसार नौ दिन सम्म जानकी जन्मको विधि विधान अनुसार कार्यक्रम गरिन्छ ।

सुन्दर सदन परिसर भित्र रहेको पोखरीमा निर्माण गरिएको चलायमान पण्डालले श्रद्धालुहरुलाई आकर्षित गरिरहेको छ ।

# आगलागी पीडितलाई राहत वितरण



**टुडे समाचारदाता**

राजविराज । जिल्ला विपद् व्यवस्थापन समिति सप्तरीले सोमबार जिल्लाको महादेवा गाउँपालिका १ चिम्टीका आगलागी पीडित परिवारलाई सात लाख ८५ हजार नगद राहत वितरण गरेको छ ।

समितिले पीडित परिवार संख्या पाँच जना सम्मलाई १५ हजार र सोभन्दा बढी सदस्य रहेका परिवारलाई २० हजारका दरले नगद रुपैयाँ वितरण गरिएको समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी किरण थापाले जानकारी दिए ।

आगलागी पीडित १९ परिवारलाई २० हजार र २७ परिवारलाई १५ हजारको दरले सात लाख ८५ हजार नगद राहत वितरण गरिएको उनले जानकारी दिए । २०८१ वैशाख १८ गते आगलागी हुँदा ४६ घर परिवारको घर जलेर नष्ट भएको समितिले जनाएको छ । आगलागी पीडितको नागरिकता, घर यकिन र मतदाता विवरण लगायत तथ्यगत विवरण सङ्कलनमा केही समय लागेकोले नगद राहत वितरण केही ढिलो भएको प्रजिअ थापाले बताए ।

राहत वितरण कार्यक्रम महादेवा गाउँपालिका अध्यक्ष सुनिलकुमार मण्डल, प्रमुख सेनानी रमेश पाण्डे, प्रहरी उपरीक्षक गजुसिद्धि बज्राचार्य, सशस्त्र प्रहरी उपरीक्षक धनबहादुर सिंह र राष्ट्रिय अनुसन्धान सप्तरी प्रमुख सुरेन्द्र कोइराला, वडाध्यक्ष जयकिशोर दास र वार्ड सदस्य कमल पर्सैया, सप्तरी यूथका कावा अध्यक्ष मोहन यादव लगायतको उपस्थिति रहेको थियो ।

# स्वास्थ्यकर्मी फोरमको अध्यक्षमा यादव चयन

**टुडे समाचारदाता**

जनकपुरधाम । दुई दिनसम्म चलेको मधेशी स्वास्थ्यकर्मी फोरम नेपालको चौंथो राष्ट्रिय महाधिवेशनबाट कृष्णलाल यादवको अध्यक्षतामा ३७ सदस्यीय समिति चयन गरिएको छ ।

जनकपुरधाममा सोमबार पत्रकार सम्मेलनको आयोजना गर्दै चयन भएका नयाँ कार्य समितिको सर्वसम्मतिले चयन भएको चयन गरिएको छ ।




महासचिवमा लक्ष्मण साह, सचिवहरुमा उमरावती सहनी, राजेश प्रसाद यादव, सुरेश साह, अञ्जु यादव, ताराचन्द्र प्रसाद यादव, कोषाध्यक्षमा लक्ष्मण यादव, सह-कोषाध्यक्षद्वयमा चुसन सुनरैत र जयकिशोर साहलाई चयन गरिएको अध्यक्ष कृष्णलाल यादवले बताए ।

त्यस्तै केन्द्रीय सदस्यहरुमा देव चौधरी, मोहनकुमार रौनियार, वीरेन्द्र जानकारी गराइएको थियो ।

सो कार्य समितिको वरिष्ठ उपाध्यक्षमा सचिदानन्द प्रसाद जयसवाल, उपाध्यक्षहरुमा शिवशंकर प्रसाद यादव, राम छविला यादव, रामबहादुर यादव, दिनबन्धु यादव, वीरेन्द्र राय, देवरिता चौधरी, विजयकुमार यादव, हेमचन्द्र यादव, राजेश प्रसाद रौनियारलाई कुमार चौधरी, गंगा प्रसाद विरला, मनोजकुमार यादव, बडेलाल प्रसाद साह, सुनिल राय यादव, पवित्र नारायण यादव, विन्दु देवी साह, कल्पना कुमारी चौधरी, रमा शंकर यादव, शैलेन्द्र यादव, रमानान्दन प्रसाद गुप्ता, मन्दाकनि यादव, श्रीनारायण चौधरी, सरिता यादव र रुपसागर मिश्रा रहेका छन् ।

# घरेलु हिंसासम्वन्धी बढ्दो उजुरी

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्लामा विगत एक महिनामा ९९ वटा घरेलु हिंसाविरुद्ध उजुरी दर्ता भएको छ । जिल्ला प्रहरी कार्यलय धनुषाका प्रहरी उपरीक्षक एवम् प्रहरी प्रमुख भुवनेश्वर तिवारीले आफ्नो एक महिनामा गरेको कार्यहरुको प्रगति विवरण सार्वजनिक गर्दै घरेलु हिंसाको तथ्याङ्क पनि सार्वजनिक गरेका छन् ।

९९ वटा परेका उजुरीमध्ये ५७ वटा मिलापत्र भएको छ भने ४२ वटा अनुसन्धान प्रक्रियामा छ । घरेलु हिंसा नियन्त्रणका लागि धनुषा जिल्लामा नयाँ रुपले कार्यहरु अगाडि बढिसकेको प्रहरी उपरीक्षक एवम् प्रहरी प्रमुख तिवारीले बताए । उनका अनुसार न्यूनीकरणका लागि महिला प्रहरी बोलाएर गुनासो सुन्ने कार्य सम्पन्न गरी एक पराव पार गरिसकेको बताए । साथै अब महिला अधिकारवादी सरकारी तथा गैर सरकारी संस्थाहरुसँग सहकार्य गरी कार्य गर्ने पनि बताए ।

उनले भने, "सेवामा पहुँच बढाउन तथा हिंसा न्यूनीकरण गर्न चेतना जगाउने उद्देश्यले महिला जनप्रतिनिधिसँग सहयोग लिने र सतहमा काम गर्ने व्यक्ति वा संस्थाहरुसँग वास्तविक समस्या पहिचान गर्ने जसले सम्स्या पहिचान हुन्छ र समाधान गर्न सहज हुन्छ । प्रहरी साथमा रहेको अनुभूति गराउन चाहन्छौं, यसले हिंसा पीडितहरुका लागि सहयोग हुन्छ ।"

महिला बालबालिका, अल्पसंख्यकलगायत फरक क्षमता भएका व्यक्तिहरुलाई जबसम्म विकास हुँदैन तबसम्म देश विकास हुन सक्दैन प्रहरी उपरीक्षक तिवारीको धारणा छ ।

बाल विवाह, दाइजो, कुटपिट जस्ता घटना बढी आइरहेको देखिन्छ । सम्पूर्ण जनसमुदायको हकहित, जीवनका सुरक्षाका लागि योजनाबद्ध हिसाबले कार्य गर्दै आइरहेको हुन्छ नै प्रहरी उपरीक्षक तिवारीले बताए । मधेशी समाजमा पितृसत्तात्मक सोचका कारण लैंङ्गिक असामानता र महिलाविरुद्ध हुने हिंसा घरेलु हिंसा भएको देखिन्छ ।

घरेलु हिंसा भनेको कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना छ । घरेलु हिंसाभित्र गाली गर्ने तथा भावनात्मक चोट अन्य कुनै समस्या पर्दछ । यस्तो भएमा ९० दिनभित्र उजुरी गरिसक्नुपर्छ महिला अधिकारकर्मी एवम् अधिवक्ता रेखा झाले टिप्पणी गरिन् ।

**तातो हावा 'लु' बाट जोगिने उपाय**

- सकेसम्म दिउँसो घरबाट बाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओड्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चिसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरा सेवन नगर्ने,
- सकेसम्मचिया,कफी,सोडाजस्तापेयपदार्थनपिउने।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मिटर ब्याजी तथा ठगी पीडितद्वारा कार्यालय स्थापना

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको नगराईमा मिटर ब्याज तथा ठगी विरुद्ध किसान-मजदुर संघर्ष समितिको क्षेत्रीय कार्यालय स्थापना गरेको छ ।

जिल्लाको नगराईन नगरपालिकामा सो समितिको क्षेत्रीय कार्यालयको उद्घाटन केन्द्रीय प्रवक्ता निर्ग नवीन र मिथिला कमाण्ड इन्चार्ज तथा वार्ता टोली सदस्य मोहन महतोले संयुक्तरुपमा गरेका थिए ।

मिटर ब्याज पीडितहरु जुर्मुराउँदै गरेपछि उनीहरु तीव्ररुपमा संगठितसहित संगठनसमेत विस्तारमा लागेका छन् ।

सोही अनुसार सो समितिको स्थानीय तहसम्म कार्यालय खोलेर पीडितहरुलाई एकीत्रित गरी मिटर ब्याजी तथा ठगी विरुद्ध आन्दोलनलाई अघि बढाउने योजना अनुसार काम गरिरहेको सो समितिको नगराईन नगरपालिकाका नगर अध्यक्ष रवि कर्णले बताए ।



उनले यस कार्यालयमा मिटर ब्याज तथा ठगी भएका पीडितहरुको अभिलेख राख्ने र कार्ययोजना अनुसार आन्दोलनलाई प्रभावकारीरुपमा अघि बढाउन सहज हुने बताए ।

सो क्रममा मिटर ब्याज तथा ठगी विरुद्ध किसान मजदुर संघर्ष समितिका नेताहरु मुकेश यादव, बहरु राउत, रामप्रमोद यादव, समितिका धनुषा अध्यक्ष राजाराम यादव, शिला शर्मा, पार्वती देवी अधिकारी, अनिलकुमार यादवलगायतकाको सहभागिता रहेको थियो ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८